# बाइबल अध्ययन समूह अगुवापन निर्देशिका

Photo

"आओ हामी परमप्रभुलाई चिन्नको लागि प्रयत्न गरिरहौं । उहाँको आगमन सूर्योदय झैं निश्चित छ । ...... जमिनलाई भिजाउने आखिरी वर्षाझै आउनुहुनेछ ।"

होशे ६:३

## शिक्षक निर्देशिका

शिक्षक निर्देशिकाले पथ-प्रदर्शकको काम गर्दछ । बाइबल अध्ययन अगुवाइ गर्न र विश्‍वासीहरुलाई उनिहरुको शान्त समय बिताउन सिकाउने कुनै सही तरिका छैन । तपाईको क्षेत्रमा बाइबल अध्ययनलाई कसरी लागू गर्ने भन्ने सम्बन्धमा अगुवाइ र निर्देशनको लागि अगुवाइ खोज्न म तपाईलाई उत्साह दिन्छु । प्रत्येक ठाउँ अद्वितीय हुन्छ । एक ठाउँमा सफल भएको तरिकाले अर्को ठाउँमा काम नगर्न सक्छ । पवित्र आत्माले तपाईलाई यस निर्देशिका (पुस्तिका) बाट के कुरा समावेश गर्ने के कुरा समावेश नगर्ने भन्ने कुरा देखाऊन् र परमेश्‍वरबाट प्रेरित सृजनात्मक विचारहरु जुटाइदिऊन् । जसै तपाई उहाँको बगालको गोठालो गर्नुहुन्छ, मुख्य गोठालोलाई पछ्याउँदै पवित्र आत्माप्रति सम्बेदनशील रहनु होला ।

### उद्देश्य

बाइबल अध्ययन समूहको (BSG) उद्देश्य परमेश्‍वरका जनहरुलाई परमेश्‍वरको वचनको व्यक्तिगत अध्ययनमा अझ सुसज्जित पार्नु हो ताकि परमेश्‍वरसँगको उनिहरुको घनिष्ट सम्बन्धमा बृद्धि हुन सकोस् र परमेश्‍वरले चाहे अनुसार उनिहरुको विश्‍वासमा जिउन सकून् ।

### बाइबल अध्ययन समूह (BSG) का लक्ष्यहरु

१. विश्‍वासीहरुलाई प्रार्थना र उहाँको वचन अध्ययनद्वारा दैनिक रुपमा परमेश्‍वरसँग घनिष्ट सम्बन्ध विताइरहने र परिणामस्वरुप आफ्ना सृष्टिकर्तासँग अझ गहिरो सम्बन्ध विकास गरिरहेका देख्नु,

२. विश्‍वासीहरुलाई परमेश्‍वरको वचनको अध्ययन गर्न सिकिरहेका र परिणामस्वरुप निर्देशन, उत्साह तथा जीवनका प्रश्नहरुका उत्तरका लागि धर्म शास्त्र खोतल्नु जानेका देख्नु,

३. विश्‍वासीहरुलाई नियमित रुपमा भेला भइरहेका र एउटै शरीरको रुपमा अर्काका अन्तरनिर्भर भई जिइरहेका र फलस्वरुप परमेश्‍वरले सृजना गर्नुभएको शरीरको कार्य एकअर्काबाट सिकिरहेका, एकअर्कालाई निर्माण गरिरहेका र एकअर्काका बोझ उठाइरहेका देख्नु ।

४. विश्‍वासीहरुलाई सु-समाचार तथा उनीहरुको हराएका मानिसहरुलाई बाँकि रहेका र परिणम स्वरुप धेरे मानिसहरु विश्‍वासमा आइरहेका देख्नु हो ।

**दैनिक शान्त समयको विकास गर्नु**

शान्त समय के हो ?

शान्त समय भनेको प्रार्थनामा र परमेश्वरको वचन अध्ययन गर्न दैनिक रुपमा परमेश्वरसँग एक्लै भेट्न हामीले छुट्याउने समय हो ।

**हामी किन शान्त समय बिताउँछौं ?**

हामी शान्त समय विताउँछौं किनभने हामी परमेश्वरसँगको घनिष्ट सम्बन्धको लागि सृजिएका हौं । जसरी पाप र त्यसका परिणाम हाम्रो संसारमा प्रवेश गर्नुअघि आदम र हव्वा अतनको बगैंचामा परमेश्वरसँग हिड्थे र कुराकानी गर्थे, त्यसरी नै हामी पनि परमेश्वरसँको सङ्गतिमा जिउन सृजिएका हौं । एकपल्ट आदम र हव्वाले परमेश्वरले मनाही गर्नुभएको रुखको फल खाएर उहाँको आज्ञा उलङ्घन गरे परमेश्वरसँगको घनिष्ट सम्बन्धलाई तोड्दै पाप हाम्रो संसारमा प्रवेश गऱ्यो । तापनि परमेश्वरले हाम्रो पापको डन्ड तिर्न र हामीलाई फेरि उहाँसँग मिलापमा ल्याउन आफ्ना पुत्र येशु ख्रीष्टलाई पठाउनु भई फर्की आउने उपायको प्रवन्ध गर्ने र यो सम्बन्धलाई पुनर्स्थापना गर्ने प्रतिज्ञा गर्नुभयो । अब सबै जसले येशू ख्रीष्ट माथि विश्वास गर्छन् तिनीहरु परमेश्वरसँग मिलापमा आउन सक्छन् र यो जीवनमा परमेश्वरसँगै हिड्न सक्छन् ।

जसै हामी हरेक दिन उहाँसँग कुरा गर्दै उहाँको कुरा सुन्दै, उहाँको वचन अध्ययन गर्दै उहाँसँग घनिष्ट समय बिताउँछौं, हामी उहाँलाई अझ राम्रोसँग चिन्छौं । कुनै पनि सम्बन्ध जस्तै, जसै तपाई सँगै समय बिताउनुहुन्छ, आफ्नो हृदय एकअर्कासँग बाँड्नुहुन्छ, सँगसँगै जीवनको अनुभव गर्नुहुनछ, तपाईले अझ गहिरो सम्बन्धको विकास गर्नुहुनेछ । जसै तपाईले परमेश्वरसँग आफ्नो सम्बन्धमा लगानी गर्नुहुन्छ, तपाईले उहाँसँगको अझ घनिष्ठ सम्बन्धको इनामको कटनी गर्नुहुनेछ र उहाँमा साँचो जीवन पाउनुहुनेछ ।

**शान्त समय कसरी विताउनेः**

१. परमेश्वरसँग एक्लै भेट्नुहोस्

- कुनै विधि वा कार्यतालिका होइन, तर तपाई एकजना व्यक्तिलाई भेट्दै हुनुहुन्छ । तपाई सर्वशक्तिमान जीवित परमेश्वरलाई भेटेर पहिले जस्तै रहिरहन सक्नुहुन्न । उहाँसँग बिताएको घनिष्ट समयले अझ गहिरो सम्बन्ध तथा परिवर्तित जीवनको परिणाम ल्याउनेछ ।

- निश्चित ठाउँ र समयको स्पना गर्ने कोशिष गर्नुहोस् र त्यस प्राथमिकता दिनुहोस् ।

२. प्रार्थनामा समय बिताउनुहोस्

- प्रार्थना भनेको परमेश्वरसँगको सञ्चार (कुराकानी) हो, उहाँसँग बोल्ने र उहाँको उहाँको कुरा दुवै उहाँसँग आनन्द लिने ।
- प्रार्थनामा परमेश्वरसँग विताएको समयले उहाँसँगको हाम्रो सम्बन्धलाई अझ गहिरो बनाउँछ, हाम्रो दृष्टिकोणलाई बदल्छ, हृदयहरुलाई परिवर्तन गरिदिन्छ र हाम्रो इच्छालाई उहाँतर्फ झुकाउँछ ।
- जसरी तपाई गुणस्तर समय बिताएर आफूले भरोसा गरेको मित्रसँग आफ्नो हृदय बाँड्दै एकदमै गोप्य कुराहरु समेत खोल्दै विशेष सम्बन्धको विकास गर्नुहुन्छ, परमेश्वरसँग पनि त्यस्तै हुन्छ । उहाँ तपाई जस्तो हुनुहुन्छ त्यस्तै रुपमा आएर आफ्नो ऋदय बाँडेको चाहनुहुन्छ । यही कारण उहाँले तपाईलाई सृष्टि गर्नुभयो, उहाँसँगको सम्बन्धको लागि ।

**कसरी प्रार्थना गर्ने ?**

कुनै विशेष सूत्र छैन तर केही मद्दत पुऱ्याउने निर्देशनहरु तल दिइएका छन्

१. प्रशंसाः उहाँका उदेकका गुणहरुका निम्ति परमेश्वरलाई प्रशंसा गनुहोस् (भजन संग्रह ८:१ इतिहास १६:२३-३७, प्रकाश १:८, ४:८-११, १५:३-४) । हामी हाम्रा सृष्टिकर्ता परमेश्वरको आरधना गर्नको निम्ति सृष्टि गरिएका हौं । (कलस्सी १:१६) । स्वर्गीय स्थानमा महिमामा राज्य गर्नुहुने येशू ख्रीष्टद्वारा परमेश्वरमा हामीलाई सिधै प्रवेश मिल्दछ (रोमी ५:२) आराधना (श्रद्धा) मा हामी स्वर्गीय दलसँग सहभागी बन्न सक्छौं जो निरन्तर पुकार्छन् "पवित्र, पवित्र, पवित्र परमप्रभु, सर्वशक्तिमान परमेश्वर जो हुनुहुथ्यो, हुनुहुन्छ र आउनुहुनेछ" प्रकाश ४:८-११) । कति शक्तिशाली र कत्रो सौभाग्य ! जब हामी राजाको नजिक जान्छौं, हामी चुनिएका पुस्ता (वंश) राजकीय पुजहारी पवित्र जाति उहाँको विशेष मानिसहरु भनेको के हो बुझ्न थाल्छौं कि हामी उहाँको प्रशंसाको घोषणा गर्न सकौं जसले हामीलाई अन्धकारबाट उहाँको गजबको ज्योतिमा बोलाउनुभयो (१ पत्रुस २:९) । जसै हामी उहाँ जो हुनुहुन्छ त्यसैको लागि परमेश्वरको प्रशंसा गर्दै हाम्रो प्रार्थना शुरु गर्छौं हामी हाम्रो पार्थिव जीवन र सङ्घर्ष बारे दृष्टिकोण प्राप्त गर्न थाल्छौं । हामीलाई अनन्त प्रेमले प्रेम गर्नुहुने सर्वशक्तिमान

परमेश्वर हाम्रा पिताले सबै कुरा नियन्तण गर्नुहुन्छ र आफ्नो सिंहासनमा राज्य गरिरहनुहुन्छ । हामीले सामना गरिरहेका कुनै पनि कठिनाइ उहाँले सम्हाल्न सक्नुहुन्छ । जब हामी परमेश्वरको गुणमा ध्यान केन्द्रित गर्दै समय बिताउँछौं, शुरुमा ठूला देखिएका हाम्रा समस्याहरु धेरै साना हुन्छन् ।

२. धन्यवादः धन्यवादले हामीलाई अहिले सम्मको उहाँको विश्वासयोग्यतालाई सम्झन सहायता गरी उहाँको भलाइमा हाम्रो ध्यानलाई केन्द्रित राख्छ । (१ इतिहास १६:३४, भजन सं. १०३) । तपाईका प्रार्थना सबै उत्तरका लागि, उहाँका महान कार्यका लागि र तपाईको जीवनका धेरै आशीषका लागि परमेश्वरलाई धन्यवाद दिन समय लिनुहोस् । जब हामी परमेश्वरको विश्वासयोग्यतामाथि मनन् गर्छौं र उहाँलाई धन्यवाद दिँदै समय बिताउँछौं, हाम्रो विश्वास बलियो हुन्छ ।

३. स्वीकारः यशैया ५९:२ ले भन्दछ, “तर तिमीहरुका अधर्मले तिमीहरुलाइ तिमीहरुका परमेश्वरदेखि अलग गरेका छन् र तिमीहरुका पापले गर्दा उहाँको गुहार तिमीहरुबाट छेकिएको छ र उहाँले तिमीहरुका कुरा सुन्नुहुने छैन” । पापले परमेश्वरसँगको हाम्रो सम्बन्धलाई टाढा बनाउँछ र उहाँसँगको हाम्रो घनिष्टतालाई असर गर्छ । तापनि हामी जो जति ख्रीष्टमा छौं हामीप्रतिको उहाँको महान् प्रेमबाट यसले हामीलाई कहिल्यै अलग गर्न सक्ने छैन (रोमी ८:३८-३९) नस्वीकारिएको पापले परमेश्वरसँगको हाम्रो सम्बन्धमा अड्को हाल्छ । उहाँ पवित्र परमेश्वर हुनुहुन्छ र हामीले दिनदिनै उहाँको अगाडि हाम्रा हृदय जाँच गर्नुपर्छ र हाम्रो पापहरु स्वीकार गर्नुपर्छ । जब हामीले आफ्ना पापहरु स्वीकार गर्छौं हामी निश्चित हुन सक्छौं कि उहाँ हाम्रा पापहरु क्षमा गर्न र हाम्रा सबै अधर्मबाट छुटाउन विश्वासयोग्य हुनुहुन्छ (१ यूहन्ना १:९) ।

४. विन्तिः हामीलाई चाहिने कुराहरु परमेश्वरलाई माग्न हामीलाई निर्देशन दिइएको छ । (फिलिप्पी ४:६) १ पत्रुस ५:७ ले भन्दछ, “तिमीहरुका सारा फिक्री उहाँमा राखिदेऊ किनकि उहाँले तिमीहरुको वास्ता गर्नुहुन्छ ।” परमेश्वर हामीलाई चाहिने कुराहरु मागेर हाम्रो विन्ति उहाँमा जाहेर गरेका चाहनुहुन्छ र हामी निश्चित हुन सक्छौं कि उहाँले सुन्नुहुन्छ र वास्ता गर्नुहुन्छ ।

५. अन्तरविन्तिः हामीले अरुहरुका लागि प्रार्थना गर्नुपर्छः नबाँचेकाहरु (रोमी १०:१); हाम्रो खेदो गर्नेहरु (मती ५:४३-४४) हाम्रा दाजुभाइ दिदीबहिनीहरु (कल्स्सी ४:२-४,१ थिस्स ५:२५; एफिसी ६:१८); प्रार्थना अझ महान कार्य हो यसैमा लडाइँ लडिन्छ । 'धर्मीजनको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ (याकूब ५:१६) ।

६. वचन (धर्मशास्त्र) प्रार्थना गर्नुः परमेश्वरको वचन हाम्रो तरवार हो र यो जीवित र शक्तिशाली छ (एफिसी ६:१७, हिब्रू ४:१२) । तपाईंको श्रमिान्/श्रीमती, छोराछोरी, विश्वासीहरु, अविश्वासीहरुमाथि वचन प्रार्थना गर्न सिक्नुहोस् र कुनै निश्चित अवस्थाहरुमा परमेश्वरको वचन घोषणा गर्न सिक्नुहोस् । "परमेश्वरको वचन व्यर्थै फर्कने छैन, तर उद्देश्यले परमेश्वरले त्यसलाई पठाउनुहुन्छ त्यो पूरा गर्नेछ र उहाँले इच्छा गर्नुभएको काम त्यसले पूरा गर्नेछ (यशैया ५५:१०-११) । तपाईको हतियार चलाउन सिक्नुहोस् ।

७. सबभन्दा महत्वपूर्ण रुपमा, आफ्नो हृदयबाट प्रार्थना गर्नुस्ः भजन सङ्ग्रह ४२:७ दाऊद भन्दछन् "गहिरोले गहिरोलाई बोलाउँछ ।" त्यसको अर्थ "मेरो हृदयको गहिराइबाट तपाईंको हृदयको गहिराइलाई पुकार्दछु" । दाऊद परमेश्वरको हृदयले चाहेको व्यक्ति थियो किनकि उनी पारदर्शी थिए, परमेश्वरकहाँ दौडेर जान्थे र उहाँको अघि आफ्नो हृदय पोख्दथे । भजन सङ्ग्रह दाऊदका प्रार्थना र भजनले पूर्ण छ । दाऊद परमेश्वरलाई प्रश्न गर्न (भजन १३); उहाँसँग रिसाउन (२ शमुएल ६:८) र विलाप गर्न (भजन ६९) डराउँथेन तर उनले निरन्तर परमेश्वरमा प्रशंसा र भरोसा घोषणा गरे । उनले परमेश्वरको हृदयलाई पछ्याए, आफ्नो हृदय बाँडे र परिणाम स्वरुप आफ्नो सृष्टिकर्तासँगको गहिरो सम्बन्ध पाए । दाऊद सिद्धतादेखि धेरै टाढा थिए तैपनि "परमेश्वरको आफ्नै हृदय अनुसारको मानिस ठहरिए" (१ शमुएल १३:१४) । हामी पनि दाऊद झैं परमेश्वरको हृदय पछ्याउने मानिसहरु बन्न सकौं र आफ्ना सष्टिकर्ता र पितासँगको धनिष्ट सम्बन्धमा जिउन सकौं ।

३. परमेश्वरको वचन अध्ययन गर्नुहोस् २ तिमोथी ३:१६ ले भन्दछ, "सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ति दिनलाई, सच्चाउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।"

- "परमेश्वरले-फुक्नुभएको": बाइबल परमेश्वरको वचन हो । परमेश्वरले बाइबल लेख्ने लेखकहरुलाई प्रेरणा दिनुभयो जसद्वारा राफ्नो सन्देश हामीकहाँ पठाउनुभयो । जब हामी उहाँको लिखित बचन पढ्छौं, उहाँको आत्माले हामीलाई प्रकाश दिनुहुन्छ, (लुका २४:४५) ताकि उहाँले हामीलाई भन्न चाहनुभएको कुरा बुझ्न सकौं । जब हामी परमेश्वरको वचन अध्ययन गर्छौं हामी जीवित परमेश्वरलाई भेट्छौं जसले वहामीलाई परिवर्तित जीवनतिर डोऱ्याउदछ ।

  "जब परमेश्वरले आफ्नो वचनद्वारा सत्यता प्रकट गर्नुहुन्छ, त्यसले परमेश्वरसँगको जम्काभेटतर्फ डोऱ्याउँछ, त्यही नै परमेश्वरसँगको जम्का भेट हो ।" हेन्री बार्क्ले

- "सिकाउनलाई लाभदायक" परमेश्वरले हामी कसरी जिएका चाहनुहुन्छ, सिकाउँछ ।
- "हप्काउनलाई र सच्याउनलाई" हामी गलत हुँदा र पश्चाताप गर्नुपर्ने हुँदा त्यसलाई देखाउँछ ।
- "धार्मिकतामा तालीम दिनलाई: परमेश्वरले चाहनुभए अनुसार कसरी जिउने भन्ने कुरा सिकाउँछ ।
- "हरेक सुकर्ममा पूर्णरुपले सुसज्जित"- परमेश्वरको बचनले उहाँले हामीलाई जे गर्नका लागि बोलाउनुभएको छ त्यसका लागि सुसज्जित पार्दछ । यसैले शान्त समय, हरेक दिन परमेश्वरसँग भेट्न, प्रार्थना गर्न र उहाँको वचन अध्ययन गर्नका लागि हामीले छुट्याउने समय हो ।

## बाइबल अध्ययन झुण्डहरु

बाइबल अध्ययन सामग्रीको उद्देश्य विश्वासीहरुलाई दैनिक रुपमा परमेश्वरको वचनमा संलग्न गराउनु हो । हरेक पाठलाई ६ दिनमा विभाजन गरिएको छ । पहिला ५ दिन सहभागीहरुले वचनको खण्ड पढेर त्यस दिनका प्रश्नहरुका उत्तर दिनुपर्ने हुन्छ । छैटौं दिनमा त्यस हप्ता अध्ययन गरिएको खण्डको थप विस्तृत व्याख्या गरिन्छ । सहभागीहरुका लागि यो धेरै महत्वपूर्ण हुन्छ कि त्यस हप्ता उनिहरुको शान्त समयमा परमेश्वरलाई भेट्नु र उहाँले उनिहरुलाई भन्न चाहनुभएको कुरा प्राप्त गनुअघि छैटौं दिनको कुरा पढ्नुहुँदैन । सातौं दिन झुण्ड भेला हुने दिन हो ।

पाठहरु घरमै कि एकान्त ठाउँमा गरिनुपर्छ । विश्वासीहरु हप्ताको एक पटक एकअर्काबाट सिक्न र एकआकाप्रति जवाफदेही हुनको लागि भेला हुन्छन् । यी बाइबल अध्ययनहरु त केवल सामाग्री मात्र हुन् । तिनलाई विश्वासीहरुलाई परमेश्वरको घनिष्टतामा र आफ्ना विश्वासमा बढ्न सहायता गर्नलाई प्रयोग गरिनुपर्दछ ।

### झुण्डका अगुवाहरु

हरेक झुण्डमा एकजना अगुवा अथवा सहजकर्ता हुन्छ । यो व्यक्ति त्यस शुण्डको गोठालो हुनेछ । यी मानिसहरु महत्वपूर्ण छन् किनभने यिनीहरुले आफ्ना झुण्डका मानिसहरुलाई चेला बनाइरहेका हुन्छन् । अगुवाहरुले हप्ताको वीचमा आफ्ना झुण्डका मानिसहरुलाई कुनै समस्यामा सहायता गर्न, उनीहरुका निम्ति प्रार्थना गर्न, पाठ पूरा गर्न उत्साह दिएर यसरी परमेश्वरसँगको हिँडाइको अनुभव गर्न सहायता गर्नलाई भेट्न चाहन सक्छन् । हामी प्रत्येक विश्वासी तिनीहरुका अगुवामाथि नभई परमेश्वरसमा भर पर्न सिकेको चाहन्छौं । उत्तरका लागि अगुवाले धर्मशास्त्रतिर औंल्याउनुपर्छ र परमेश्वरले उनको जीवनमा कसरी काम गर्नुभएको छ सो बाँड्नुपर्छ । लक्ष्य चाहिं यो हो कि प्रत्येक विश्वासीले बाइबललाई आफ्नो जीवनको मार्गदर्शक रुपमा पत्ता लगाउनु र परमेश्वरसँगको तिनीहरुको सम्बन्धमा बृद्धि हुनु हो ।

### नमूना

- आराधना/स्वागत/सूचना:

  एउटा वास्ता गर्ने, मित्रवत, आरामदायी, प्रेमिलो वातावरण हामी दिन चाहन्छौं । सहभागीहरुलाई स्मरण गराउनुहोस् कि तिनीहरु परमेश्वरमा महत्वपूर्ण छन् । याद गनुहोस्, परमेश्वरको उपस्थितिले हामीलाई घेर्दछ । मानिसहरुलाई सजिलो महसूस गराउन र

सबैजना आइपुग्नको लागि शुरुमा केही गीतहरु गाउन सकिन्छ। भेलाको अन्तरालमा चिया वा कफी उपलब्ध गराउन सकिन्छ।

- शुरुको प्रार्थना

  साधारण हुन सक्छ- उहाँ जो हुनुहुन्छ त्यसको लागि परमेश्वरलाई प्रशंसा गर्नुहोस् र भेलालाई परमेश्वरको हातमा सुम्पनुहोस् र उहाँको वचनबाट बोल्न र हाम्रा हृदयलाई परिवर्तन गरिदिन उहाँसँग विन्ति गर्नुहोस्।

- गोलाकारमा भुण्डको समय

  त्यस हप्ताको पाठका उत्तरहरु फलफल गर्नुहोस् । थप जानकारी लागि "भुण्डको गतिशक्ति"लाई हेर्नुहोस् ।

- शिक्षण समय:

  एक भुण्डले तयस हप्ताको उत्तरहरु छलफल गरिसकेपछि अगुवाले त्यो वचन खण्डबाट शिक्षा प्रदान गर्न सक्छ । त्यस हप्ताको छैटौं दिनले वाचनको तयारीमा सहयोग पुऱ्याउन सक्छ। पाठबाट प्रयोग (लागू) लाई समावेश गर्न नबिर्सनुहोस्।

- अन्तिम प्रार्थना:

  परमेश्वरलाई प्रशंसा र धन्यवाद दिनुहोस्, उहालाई विन्ति चढाउनुहोस् र पाठबाट प्रयोगलाई समावेश गर्नुहोस्। समयमै अन्त गर्न नबिर्सनुहोस्। यदि हामी मानिसहरु फर्केर आएका चाहन्छौं भने हामीले उनीहरुका घरका अवस्थालाई आदर गर्नु अथवा ध्यान दिनुपर्छ । कतिजना सहभागीहरुका श्रीमान्/श्रीमती वा छोराछोरी हुन्छन्, तिनीहरु निश्चित समयमा घर फर्कनुपर्ने हुन्छ।

## भुण्ड-गतिशीलता

भुण्डको अगुवाको जिम्मेवारी भनेको भुण्डको सबै सहभागीहरुलाई पाठको छलफलमा समावेश हुन सहयोग गरेर भुण्डको समयलाई सहज गराउनु हो।

- एकार्कालाई राम्रोसँग देख्नका लागि गोलाकारमा बस्नुहोस्।
- तपाईंको समयलाई हेर्नुहोस् र सबै प्रश्नहरु सकाउने कोशिष गर्नुहोस् । प्रत्येक प्रश्न पढ्दाखेरि चर्को स्वरमा स्पष्टसँग पढ्नुपर्छ । तथ्य प्रश्न बाहेक प्रत्येक प्रश्नको लागि धेरै उत्तरहरुका लागि अनुमति दिनोस् । यदि प्रश्नहरु गरिएका छैनन् भने भुण्डमा सँगै पूरा गर्नुहोस् । १५ मिनेटपछि तपाई कहाँ हुनुपर्छ भन्ने कुरा थाहा पाउन प्रश्नलाई दुई भागमा बाँड्नुहोस् ।

- घरमा हाम्रा प्रश्नहरुमा परमेश्वरले हामीलाई सिकाउनुभए जस्तै हामी एकार्काबाट सिक्छौं भनेर शुरु गर्नुहोस् । शान्त खालका विश्वासीहरुलाई अलि सजिला प्रश्नहरु सोधेर उत्साह दिनुहोस् (सजिला र गाह्रा प्रश्नहरुलाई पहिल्यै छुट्याउनुपर्छ) । बढी बोल्नेहरुलाई सबैले बोलून् भनेर प्रार्थना गर्न लगाउनोस् र नबोल्नेहरुलाई उत्साह दिनोस् ।
- आँखा जुधाएर राम्रोसँग सुन्न सिक्नुहोस् । यदि कसैले व्यक्तिगत प्रश्न बाड्दैन भने जवाफको उत्साहको लागि तपाईंको प्रश्न बाँड्नुहोस् ।
- याद राख्नुहोस् हामी सबै हाम्रो यात्राका भिन्न भिन्नै ठाउँमा छौं । उत्तर पूरा गर्ने सम्बन्धमा होडबाजीलाई हटाउनुहोस् । कसैले पाठको सबै प्रश्न पूरा गर्लान् र कसैले एउटा दुइटा मात्र गर्लान् । विश्वासीहरुको लागि लक्ष्य चाहिँ दिनहुँ परमेश्वरको वचनमा प्रवेश गर्नु र परमेश्वरसँग भेटेर समय बिताउनु हो ।
- समूहमा मिलेर केही समय प्रार्थनामा बिताउनुहोस् । प्रार्थनामा सहभागिता ऐच्छिक हो र एकदम गोप्य हुन्छ । परमेश्वरले हाम्रो वास्ता गर्नुहुन्छ र हाम्रो प्रार्थनाको उत्तर दिनुहुन्छ भन्ने जानेर दाजुभाइ दिदीबहिनीको रुपमा हाम्रा हाम्रा परमेश्वर पिताकहाँ जान सिक्नु नै यसको लक्ष्य हो । झुण्डका सदस्यहरुलाई त्यही बेला र हप्ताभरि नै एकार्काका लागि प्रार्थना गर्न उत्साह दिनुहोस् ।

## अन्तमा

प्रिय दाजुभाइ तथा दिदीबहिनीहरु

जसै हामी सँगसँगै यो यात्रा शुरु गर्छौं, परमेश्वरसँगको हाम्रो सम्बन्ध र उहाँको वचनको ज्ञानमा हामी अझ गहिरो रुपमा वृद्धि हुन सकौं भनी म प्रार्थना गर्दछु । हामी परमेश्वरसँगको सङ्गतिमा जिउन र ख्रीष्टमा हाम्रा दाजुभाइ दिदीबहिनीहरुसँग प्रेमिलो संगतिमा रहन सिक्न सकौं । “जाओ र चेला बनाओ” भन्ने हाम्रो मिशनलाई हामी पूरा गर्न सकौं ।

हामी विश्वासीहरुलाई उनीहरुको पुजाहारित्व अभ्यास गर्न तथा उनीहरुका जीवनका लागि परमेश्वरको बोलावटमा जिउन सहयता गर्न सकौं । हामी भित्र बास गर्ने परमेश्वरको आत्मासँग हामी राजकीय पुजाहारी, पवित्र जाति, परमेश्वरका विशेष मानिसहरु हौं (१ पत्रुस २:९, २ कोरिन्थी ३:१६) । स्वर्गदूतहरुसँगै राजाको आराधना गर्न र श्रद्धा गर्न परमेश्वरका छोराछोराका रुपमा कुनै पनि समय परमेश्वरको पवित्र सिंहासन नजिक जाने यो कत्रो सौभाग्य हामीसँग छ र उहाँ समक्ष विन्ति चढानु किनने उहाँले हाम्रो वास्ता गर्नुहुन्छ । खाँचोमा परेकाहरुका लागि उनीहरुका तर्फबाट

विन्ति चढाउन, धाँदोमा उभिन र अन्तरविन्ति चढाउन⁄ एक मात्र प्रशंसाका योग्यलाई प्रशंसा र धन्यवादको बलि चढाउन सुसमाचार प्रचार गरेर उहाँका मिलापका सेवकहरुका रुपमा सेवा गर्न ताकि येशू खीष्टद्वारा सबैजना परमेश्वरसँग मिलापमा आउन सकून् (२ को ५:१८-१९) । परमेरशवरका राजदूतहरु, पृथ्वीमा उहाँको राज्यका प्रतिनिधिहरुको रुपमा सेवा गर्न (२ को ५:२०) । हाम्रो उत्तराधिकारको पूर्णतालाई हामी बुझ्न र अनुभव गर्न सकौं र परमेश्वरले हामीलाई दिनुभएको उच्च बोलावट योग्यको भई जिउन सकौं । थाहा पाउनुहोस् कि म तपाईहरु प्रतयेकको लागि प्रार्थना गर्न समर्पित छु । परमेश्वरले हामीलाई जिम्मा दिनुभएको बगाललाई खुवाउँदा, डोऱ्याउँदा र अगुवाइ गर्दा असल गोठालो बन्न सकौं तिनिहरु उहाँका भेडा हुन् । जब हामी मुख्य गोठालोलाई पछ्याउछौं, नम्र भएर उहाँबाट सिक्छौं, हामी असल गोठाला हुनेछौं । हामी हाम्रो विश्वासका कर्ता र सिद्ध तुल्याउनुहुने येशूमा आफ्ना आँखा केन्द्रित गरी हाम्रो अघि राखिएको छौडलाई धैर्यसाथ दौडन सकौं । हरेक दिन हामी उहाँलाई अझै राम्रोसँग चिन्नलाई जोड गर्न सकौं ताकि हामी हाम्रो दौडलाई राम्रोसँग सिध्याउन सकौं कि कहिल्यै नओइलाउने स्वर्गीय बोलावटको इनाम प्राप्त गर्न सकौं (फिलिप्पी ३७-१४) । हामी एउटै शिर येशू खीष्टमुनि एकै भएर काम गर्न सकौं, उहाँ जसको निम्ति हामी जिउछौं, र उहाँ हाम्रा सबै कुराको योग्य हुनुहुन्छ । उहाँलाई सदासर्वदा महिमा होस् ।

तपाईकी दिदी

प्याटी

*“हामी उहाँलाई चिन्न जोड गरौँ। सूर्योदय जस्तै उहाँ निश्चय हामीकहाँ आउनुहुनेछ, पृथ्वीलाई सिँचाइ गर्ने पानी झैँ।”*

होशे ६:३

बाइबल शिक्षणका सिद्धान्तहरु

उद्देश्य

प्रार्थनाका साथ हाम्रो इच्छा प्रत्येक सहभागीले प्रत्येक हप्ता निरन्तर रुपमा परमेश्वरको वचनमा समय बिताएको देख्नु हो ताकि तिनीहरुले परमेश्वरलाई चिन्न र आफ्ना सृष्टिकर्तासित हिड्न सिकून् ।

**मूल्यहरु**

- जीवनका प्रश्नहरुका निम्ति परमेश्वरको वचनलाई जगको रुपमा स्थापना गर्नु ।
- पुरुष तथा स्त्रीहरुलाई परमेश्वरको प्रेमको तिनीहरुको बुझाइमा र प्रत्येक हप्ता तिनीहरुको वीचमा येशूको चिन्तन गर्न उत्साह दिनु । जसै पिताले हामी हरेकलाई उहाँको नजिक खिच्नुहुन्छ, परमेश्वरको वचन अध्ययनमा इच्छा जगाउनु ।
- जसै पिताले हामी हरेकलाई उहाँको नजिक खिच्नुहुन्छ, परमेश्वरको वचन अध्ययनमा इच्छा जगाउनु ।
- हरेक कक्षाको साप्ताहिक सेवाकाइका लागि परमेश्वरमाथि पूर्ण भरोसामा प्रार्थनाको अभ्यास गर्नु ।
- सत्य पत्ता लगाउनका लागि विभिन्न विश्वासका व्यक्तिहरुलाई परमेश्वरको वचन अध्ययनमा निमन्त्रणा दिनु ।
- प्रेम र सेवकपनमा उद्देश्यका एकता मनन गर्नु ।
- प्रत्येक अगुवालाई परमेश्वरले तिनीहरुलाई दिनुभएको बोलावटका लागि तालिम दिनु र सुसज्जित पार्नु ।

**लक्ष्यहरु**

- सदस्यहरुलाई परमेश्वरसँगको समयमा निरन्तर संलग्न रहेका देख्नु (प्रश्नको उत्तर दिँदै) ।
- दैनिक जीवनमा बाइबल लागू गर्ने क्षमतामा बृद्धि हुनु ।
- अरुहरुका लागि निरन्तर प्रार्थना गर्नु ।
- उत्तरका लागि बढ्दो रुपमा परमेश्वरको वचनतर्फ फर्कनु ।
- सबै सदस्यहरुलाई छलफलमा भाग लिन उत्साह दिनु ।
- खुला हुनु र परमेश्वरले गर्नुभएका तथा गरिरहनुभएका कुराहरु इच्छापूर्वक गर्नु ।
- परमेश्वरको प्रेम फैलाउने अवसरहरु खोज्नु ।

# उत्पतिः शुरुवातका अध्ययन

परिचय

आज मानिसहरु पहिले अझ बढी विज्ञानले उत्तर दिन नसकेका जीवनका सबभन्दा जटिल प्रश्नहरुका उत्तरका खोजीमा छन् । मानिसहरु हामी को हौं, हामी कसरी यहाँ आयौं हाम्रो उद्देश्य के हो र केले यो ब्रम्हान्डलाई चलाइ रहेको छ ? जान्न चाहन्छन् । बाइबलका पृष्ठहरुमा यी प्रश्नका उत्तर लगायत धेरै उत्तरहरु छन् । यो एउटा उदेकको पुस्तक हो जसले हामी आफैमा होइन तर हाम्रो संसारको सृष्टिकर्तामा हामीलाई ठोस आशा प्रदान गर्छ ।

उत्पतिले कहिल्यै पनि परमेश्वरको अस्तित्वको बारेमा बादविवाद गर्दैन किनकि उहाँको अस्तित्व र शक्ति र शुरुबाटै मानिलिएको छ । पहिलो अध्यायमै हामी सृष्टिको आश्चर्य कर्मको गवाही दिन्छौं । रोमी १:२० अनुसार यो नै त्यो आश्चर्यकर्म हो जसले हामीलाई उहाँको अस्तित्वको प्रमाण दिन्छ । "उहाँको अदृष्य गुण अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरुमा छर्लङ्गै देखिएको छ । यसैले मानिसहरुलाई कुनै बहाना छैन ।" उहाँका सबै सृष्टिहरुमध्ये जसलाई परमेश्वरको स्वरुपमा बनाइयो उसैले विद्रोह गर्छ । तीन अध्ययले मानिसको परीक्षा र पतनको दुखान्त घटनालाई बताउँछ, अध्याय ६ मा हामी मानिसको दुष्टता र विशाल जलप्रलयमा परमेश्वरको कृपापूर्ण न्यायलाई पढ्दछौं । एघार अध्यायमा फेरि मानिसको विद्रोह र बाबेलको धरहरामा परमेश्वरको कृपापूर्ण न्यायलाई पढ्दछौं । हामी अध्याय बाह्रलाई एउटा प्रतिज्ञाका साथ अन्त गर्छौ । यहाँ हामीलाई परमेश्वरको उद्धारको योजना र एकजना मानिस अब्राहम, हाम्रो विश्वासका पिताको परिचय दिइएको छ जसलाई परमेश्वरले उहाँको अनुग्रहको साधनको रुपमा पहिले छान्नुभयो (लगाती ३:२९) ।

**लेखक**

पूरानो तथा नयाँ करारका धर्मशास्त्र अनुसार मोशाले बाइकबलका पाँच पुस्तकहरु लेखे ( यहोशू ८:३१, एज्रा ७:६, दानिएल ९:१३, रोमी १०:५) । येशूले मोशाको लेखाइलाई यूहन्ना ५:४५-४६ र मर्कूस १:४४ मा उल्लेख गर्नुभयो । पाँचवटा पुस्तकहरुको यो संकलनलाई पञ्चपुस्तकको रुपमा चिनिन्छ । यहुदीहरुले शुरुमा यो सङ्कलनलाई "तोराह" अथवा "व्यवस्था" र कहिलेकाही "मोशाको व्यवस्था" भनेर एउटा एकत्रित कार्यको रुपमा मान्थे । एउटा कार्यबाट पाँच भागमा कति बेला विभाजित भयो त्यसको कुनै निश्चयता छैन ।

## मिति

मोशा करिब १५२५ बी.सी.मा जन्मेका थिए र त्यसको १२० वर्षपछि मरे । उत्पतिको पुस्तक सृष्टिबाट शुरु भएर योसेफको परिवारमा अन्त हुन्छ जसबाट प्रतिक्षाका मुक्तिदाता आउनुहुनेथियो । बाइबलका अरु ६५ वटा पुस्तकहरु मिलेर भन्दा यसले बढी समय ओगट्छ । अगमवक्तहरुले आउनेवाला कुराहरुको बारेमा बोले जस्तै मोशाले परमेश्वरबाट सिधै प्रकाश पाए र उनीभन्दा पहिले आएका कुराहरु बोले । २ पत्रुस १:२१ अनुसार मोशाले लेख्दा परमेश्वरको आत्माले अगुवाइ गर्नुभयो ।

## मुख्य विषय

उत्पतिको पुस्तकमा ब्रम्हाण्ड मञ्च, परमेश्वरको महिमा मुख्य विषय र मानवता, पाप र उद्धार कथाक्रम हुन्छन् । धेरै “पहिलो” हरुको यो पुस्तकमा हामी पहिलो विवाह, पहिलो परिवार, परमेश्वर विरुद्धको पहिलो विद्रोह र पापको छाँगो जस्ता परिणामलाई पढ्दछौँ । हामी पहिलो वेक्रियात्मक परिवारलाई देख्छौँ त्यो पहिलो परिवार जसले सिद्ध वातावरणलाई गुमायो । हामी पहिलो हत्या र परमेश्वरको अगुवाइविना काम गर्ने कोशिष गरेको एउटा सँस्कृतिको गवाही दिन्छौ । यी मानिसहरु अर्थात हिब्रू जाति जसबाट परमेश्वरले सबै जातिका लागि उद्धार ल्याउनुहुन्छ । उहाँले आफ्ना प्रतिज्ञाका मानिसहरुद्वारा उहाँका उद्धारकर्तालाई पठाउनुहुन्छ । १ पत्रुस २:९ ले भन्दछ, उहाँले एउटा चुनिएको वंश, राजकीय पुजहारीगिरी, पवित्र जाति, परमेश्वरको आफ्नै नीजि सम्पति हुनलाई एउटा जातिलाई छान्नुभयो ताकि तपाईले उहाँको उत्कृष्टतालाई घोषणा गर्न सक्नु हो जसले तपाईलाई अन्धकारबाट उहाँको गजबको ज्योतिमा बोलाउनुभयो । सम्पूर्ण धर्मास्त्रभरि परमेश्वरको महिमा मुख्य विषयको रुपमा रहेको बेला यी पहिला १२ अध्यायहरुमा भएको घटनाक्रमले दुईवटा कुरा देखाउछ । पहिलो कुरा, मानव जाति परिवर्तन भएको छैन । हामी सबैले उही चुनौतिहरुको सामना गर्छौं, उही पापसँग सङ्घर्ष गर्छौं, तिनीहरुले जस्तै उही प्रश्नहरु सोध्छौं जसका कथा बाइबलमा लेखिएका छन् । दोश्रो रुपमा, मानिससँग परमेश्वरको संलग्नताको कथा पढेर यो देखिन्छ कि परमेश्वर सत्य र व्यक्तिगत हुनुहुन्छ, कि हाम्रो जीवनको अन्तरनिहित अर्थ छ र मानिसलाई आफ्ना सृष्टिकर्तासँगको सम्बन्ध अति अपरिहार्य छ । उहाँविना मानिस कहिल्यै पूर्ण हुन सक्दैन । आफ्ना सृष्टिकर्तासँगको व्यक्तिगत तथा अन्तरनिवासित सम्बन्ध विना मानिसले कहिल्यै पनि आफ्नो जीवनको अर्थ पत्ता लगाउन अथवा पूरा गर्न सक्दैन ।

# उत्पतिः शुरुवातको अध्ययन

## पाठ एक

आफ्ना वाक्यः सृष्टिकर्ताको रुपमा परमेश्वर आफ्ना सृष्टिमा आफैलाई प्रकट गर्नुहुन्छ उहाँमा आफ्ना सृष्टिलाई अधीन गर्ने अधिकार छ र आफ्ना सृष्टिबाट सबै प्रशंसाको योग्य हुनुहुन्छ ।

दिन १

उत्पति १:१-५ पढ्नोस्

१. आदिमा को हुनुहुन्थ्यो ?

२. "आदिमा" परमेश्वरले के सृष्टि गर्नुभयो ?

३. परमेश्वरको बारेमा तपाई के सिक्नुहुन्छ जसको वचनले कुराहरुलाई अस्तित्वमा ल्यायो ?

४. यूहन्ना १:१ र १४ ले परमेश्वरको वचनको बारेमा के भन्दछ ?

दिन २

उत्पति १:१-९ पढ्नोस्

१. पहिलो दिनमा के भयो वर्णन गर्नुहोस् ।

२. समय परमेश्वरले बनाउनुभएको हो भनेर जान्न किन महत्वपूर्ण छ ?

३. दोश्रो दिनमा के भयो ?

दिन ३

उत्पति १:१०-१९ पढ्नुहोस्

१. तेस्रो दिनमा के-के भए वर्णन गर्नुहोस् ।

२. चौथो दिनमा के-के भए वर्णन गर्नुहोस् ।

३. परमेश्वरले आफूले सृष्टि गर्नुभएका कुराहरुलाई कसरी वर्णन गर्नुभयो ?

<u>दिन ४</u>

उत्पति १:२०-२५ पढ्नुहोस्

१. परमेश्वरले पाँचौ दिनमा के-के गर्नुभयो ?

२. परमेश्वरले आफूले सृष्टि गर्नुभएका कुराहरुलाई आशीष दिनुभयो र तिनीहरुलाई एउटा आज्ञा दिनुभयो । त्यो के थियो ?

३. पद २४ र २५ मा परमेश्वरले के सृष्टि गर्नुभयो ?

४. आफूले बनाउनुभउका कुराहरुलाई परमेश्वरले कसरी वर्णन गर्नुभयो ?

<u>दिन ५</u>

उत्पति १:२६-३१ पढ्नुहोस्

१. परमेश्वरले छैटौं दिनमा के सृष्टि गर्नुभयो ?

२. पद २६ अनुसार परमेश्वरले मानिसलाई हाम्रै स्वरुपमा बनाउने निर्णय गर्नुभयो ? त्यसको अर्थ के हो ?

३. के परमेश्वरले मानिसलाई अस्तित्वमा आओ भनेर बाल्नुभयो ? उहाँले मानिसलाई कसरी सृष्टि गर्नुभयो ?

४. परमेश्वरले जीवन कसरी ल्याउनुभयो ?

५. पद २८ मा परमेश्वरले मानिसलाई आशीष दिनुभयो र निर्देशन दिनुभयो । ती के के थिए ?

६. पद २१ मा आफूले बनाउनुभएका सबै कुराका बारेमा के भन्नुपरेको थियो ?

<u>दिन ६</u>

पाठ १ः "आदिमा परमेश्वरले .......।"

मूल पाठ : अध्याय १
मुख्य पदः आधिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो ।"
विषय वाक्यः परमेश्वर सृष्टिकर्ताको रुपमा आफैलाई आफ्ना सृष्टिमा प्रकट गर्नुहुन्छ, उहाँमा आफ्ना सृष्टिलाई अधीन गर्ने अधिकार छ र आफ्ना सृष्टिबाटको सबै प्रशंसाका योग्य हुनुहुन्छ ।
जीवनको सिद्धान्तः मैले परमेश्वरको बारेमा जे विश्वास गर्छु त्यसले म आफ्नै बारेमा र अरुहरुको बारेमा कस्तो महसूस गर्छु त्यसलाई प्रभाव पार्दछ ।

सारांशः उत्पतिको पहिलो अध्याय परमेश्वरको सार्वभौमिकताको वलियो जगको स्थापनाबाट शुरु हुन्छ । उत्पति १ अध्याय "आदिमा परमेश्वरले ...." भन्ने वाक्यांशबाट शुरु हुन्छ । शुरुवात भन्दा पहिल्यै परमेश्वर एक्लै अस्तित्वमा हुनुहुन्थ्यो, उहाँ सबै कुराबाट स्वतन्त्र रुपमा असितत्वमा हुनुहुन्छ र केहीको खाँचो पर्दैन । यही सत्यले सृष्टिका कार्यलाई समर्थन गर्छ । परमेश्वर नै

ब्रम्हाण्डको श्रोत हुनुहुन्छ । यर्मिया ५१:१५ ले भन्दछ, “उहाँले पृथ्वीलाई आफ्नो सामर्थ्यले सृजनुभयो । उहाँले आफ्नो बुद्धिले संसारलाई स्थापित गर्नुभयो, आफ्नो समझशक्तिले उहाँले आकाशलाई फैलाउनुभयो ।” उहाँमा मात्रै सबै कुरा परिपूर्ण हुन्छ जसले सबैथोक बनाउनुभयो । (यूहन्ना १५:५, एफिसी २:१० र प्रकाश ४:११) । हामी जे छौं र जे गर्छौं ती सबैका शुरु र अन्त्य उहाँ नै हुनुहुन्छ । जीवनको पूर्णताको लागि परमेश्वर अत्यावश्यक हुनुहुन्छ । परमेश्वर विना हामी हाम्रो वरिपरिका संसारलाई बुझ्न सक्दैनौं । हामी आफैलाई, हाम्रा वरिपरि भएकाहरुलाई र परमेश्वर स्वयमलाई नै बुझ्न सक्दैनौँ । परमेश्वर विना हामीसँग उत्तर छैन । अझ, जबसम्म हामी स्वेच्छाले हाम्रा योजनाहरु, व्यक्तित्व, साथीहरु, परिवार अथवा समयको शुरुवातमै परमेश्वरलाई रोज्दैनौं, हाम्रा जीवन उद्देश्यहीन फलहीन र अनन्तको लागि खेर गएको हुनेछ । आदिमा, परमेश्वरले सृष्टि गर्नुभयो । जब परमेश्वरले सृष्टि गर्नुभयो, समयको शुरुवात भयो । सृष्टि गर्न (बारा) प्रयोग गरिएको छ, उत्पति १:१ मा तत्वहरुको क्षेत्र सृष्टि गर्नलाई, उत्पति १:२१, जीवन सृष्टि गर्नलाई, र उत्पति १:२७ मानवता सृष्टि गर्नलाई । परमेश्वरले शून्यताबाट ब्रम्हान्ड सृष्टि गर्नुभयो । उत्पति १ अध्यायमा १० पटक” परमेश्वरले भन्नुभयो, ......होस्’ भन्नुभयो र त्यस्तै भइहाले । परमेश्वरको वचन र सृष्टिको बनावटवीचको सम्बन्ध महत्वपूर्ण छ । भजन सँग्रह ३३:६ ले घोषणा गर्दछ “परमेश्वरको वचनले आकाशहरु निर्माण भए” र हिब्रू ११:३ मा हामी पढ्छौं, विश्वासद्वारा हामी बुझ्दछौं कि परमेश्व्रको आज्ञामा ब्रम्हाण्ड बनियो ।” परमेश्वरले वचनद्वारा संसार सृष्टि गर्नुभयो जुन वचनद्वारा संसार सृष्टि गरियो त्यो वचन अरु कोही नभई प्रभु येशू हुनुहुन्छ । यूहन्ना १:१ मा होर्नुहोस् “आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो र वचन परमेश्वर नै हुनुहुन्थ्यो ।” यूहन्ना १:१४ ले भन्दछ, वचन देहधारी हुनुभयो र केही समय हामीहरुका बीचमा बास गर्नु भयो ।” यो जान्नुपर्ने सुन्दर सत्य हो कि जुन वचनद्वारा परमेश्वरले संसार सृष्टि गर्नुभयो आज हामीले विश्वासमा धर्मशास्त्रको त्यही वचनले हाम्रो जीवनमा काम गर्दछ (हिब्रू ४:१२) ।

परमेश्वरको बारेमा म जे विश्वास गर्छु त्यसले म आफू र अरुलाई महसूस गर्ने कुरालाई प्रभाव पार्दछ ।

## उत्पतिः शुरुवातको अध्ययन

## पाठ दुई

विषय वाक्य: आदम र हव्वा परीक्षामा फँस्छन् र पापको परिणाम भोग्छन् तर परमेश्वरले उद्धारको बीउको प्रतिज्ञा गर्नुहुन्छ।

दिन १

उत्पति २:४-७ पढ्नुहोस्

१. परमेश्वरले पहिलो मानिसलाई दिनुभएको घर (परिवार) को वर्णन गर्नुहोस्।

२. परमेश्वरले मानिसलाई दिनुभएका काम के थियो ? तपाईंको विचारमा काम किन महत्वपूर्ण छ ? उपदेशक ५:१९)

३. यो सुन्दर वातावरण तथा प्रबन्धको बीचमा परमेश्वरले एउटा कुरा अनुमति छैन भन्नुभयो ? (पद् १६ र १७)

दिन २

उत्पति २:१८-२५ पढ्नुहोस्

१. परमेश्वरले आदममा बगैँचाले नदिएको के चाहिं आवश्यकता देख्नुभयो ?

२. परमेश्वरले स्त्रीलाई कसरी सृष्टि गर्नुभयो ?

३. के तपाई परमेश्वरले स्त्रीमा राख्नुभएको मूल्य र विवाहको उद्देश्य देख्नुहुन्छ ?

दिन ३

उत्पति ३:१-७ पढ्नुहोस्

१. सर्पद्वारा को बोल्यो ? (प्रकाश १२:९)

२. मती १३:१९ यूहन्ना ८:४४ र १ पत्रुस ५:८ को सहयताले के तपाई यो शैतानको वर्णन गर्न सक्नुहुन्छ ?

३. परमेश्वरको आज्ञा उलङ्घन गर्न सजिलो पारिदिने त्यस्तो कुरा हाव्वाले के गरिन् ? (याकूव ४:७)

४. १ यूहन्ना २:१५-१७ ले देखाएको कुन इच्छा स्त्रीहरुको मनमा जगाइदियो ? हामीलाई अधिन गरिरहने उही इच्छाबाट हामी कसरी बच्ने ? (रोमी ६:११-१४)

५. परीक्षाहरुसँग लड्न परमेश्वर हामीलाई के दिनुहुन्छ ? (रोमी ८:८-९, १ कोरिन्थी १०:१३, र हिब्रू २:१८)

## दिन ४

उत्पति ३:८-२४ पढ्नुहोस्

१. आदम र हत्वाको पापको परिणाम के-के हुन् ? (पद ७ लाई आफ्नो उत्तरमा समावेश गर्न नबिर्सनुहोस्)

२. आदमले उसको पापको दोष कसलाई लगायो ?

३. हव्वाले कसलाई दोष दिइन् ?

४. परमेश्वरले कसलाई दोष लगाउनुभयो ? (रोमी ५:१२-१४)

५. परमेश्वरले दिनुभएको श्रापलाई वर्णन गर्नुहोस्:

क) सर्पलाई दिइएको श्राप (हिब्रू २:१४-१५)

ख) हव्वालाई दिइएको श्राप

ग) आदमलाई दिइएको श्राप

घ) पृथ्वी (भूमि) लाई दिइएको श्राप

६. १ यूहन्ना १:८-९ पढ्नुहोस् । के अहिले तपाइंले स्वीकार गर्नुपर्ने कुनै पाप छ ?

दिन ५

उत्पति ३:२०-२४ पढ्नुहोस्

१. आदम र हव्वालाई पापले पुऱ्याएको विनाश के-के हुन् भन्न सक्नुहुन्छ ?

२. पद २१ अनुसार परमेश्वरले आदम र हव्वालाई के जुटाउनुभयो ?

३. हिब्रू ९:२२ अनुसार रक्तबलिको बारेमा हामी के सिक्छौं ?

४. हामी यहाँ ख्रीष्ट "संसारको पाप उठाइलाने परमेश्वरको थुमा हुनुहुन्छ भन्ने सत्यता कसरी देख्छौँ ? (यूहन्ना १:२९)

दिन ६

पाठ २ "मानिसको पतन"

मूल पाठः अध्याय २-

मुख्य पदः "जब स्त्रीले त्यस रुखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो र बुद्धि पाउनलाई त्यस रुखको चाह गर्नुपर्ने रहेछ भनी देखिन् तब तिनले त्यस रुखको फल टिपेर खाइन र आफ्ना पतिलाई पनि दिइन् र उनले पनि खाए ।"

विषय वाक्यः आदम र हव्वा पापमा फँस्छन् र पापका परिणाम भोग्छन्, तर परमेश्वरले उद्धारको बीऊको प्रतिज्ञा गर्नुहुन्छ ।
जीवन सिद्धान्तः जुनसुकै पापले हामीलाई हाम्रा आत्मिक आँखा खुला होऊन र येशूको रगतद्वारा स्वीकार र शुद्ध्याइतिर फर्कन सकौं ।

सारांशः अध्याय २ शबाथ दिनको संस्थापनबाट शुरु हुन्छ । सातौं दिन परमेश्वर आफूले सृष्टि गर्नुभएको कुराहरु एकदम खुशी भएको व्यक्ति जसरी आराम/विश्राम गर्नुभयो । "विश्राम गर्नुभयो" को हिब्रू शब्द "शबाथ" हो । एक दिन लिएर त्यसलाई सङ्गतिमा र प्रभुको आनन्दमा चढाउँदै पछ्याउनको लागि परमेश्वरले हाम्रो लागि एउटा उदाहरण स्थापित गर्नुभयो । पहिलो मानव अभ्यास प्रश्थान १६:२३ मा अभिलिखित छ र त्यो मोशालाई दश आज्ञामध्ये एउटाको रुपमा दिइएको थियो । विश्राम दिनलाई पालन गरेर पाइने धेरै आशिष तथा फाइदाहरु यशैया ५८:१३-१४ मा सूचित गरिएका छन् ।

दुई अध्यायको बाँकी भाग हाम्रा पुर्खाहरुको सृष्टिमा अर्पण गरिएको छ । उत्पति २:७ "तब परमप्रभुले भूमिको माटोबाट मानिस बनाउनुभयो र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो र मानिस जीवित प्राणी भए ।" मानिसको सष्टि अरु प्राणीको सृष्टिभन्दा फरक छ । उत्पति १:२७ ले भन्दछ, "परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो, परमेश्वरकै प्रतिरुपमा उहाँले तिनलाई नर र नारी गरी सृष्टि गर्नुभयो ।" यसलाई सर्वोतम प्रकारले व्याख्या गर्न परमेश्वरकै सासले आदमलाई जीवित प्राणी बनायो भनी मानिलिनु हो । जीवनको ईश्वरीय सास अर्थात् आत्मा हरेक मानिसको लागि महत्वपूर्ण छ । यसले ज्ञानेन्द्रियहरु, स्नेह र भावनालाई महत्व दिन्छ । यसले इच्छा, विचार गर्ने तरिका र कार्यलाई प्रतिनिधित्व गर्दछ । यसले मानिसलाई आफ्ना सृष्टिकर्ताप्रति बौद्धिक तथा भावनात्मक रुपमा प्रतिक्रिया जनाउन सक्षम बनाउँछ । मानिसमा त्यही जीवनको सास छ, त्यसकारण उसमा उहाँसँग सहकर्मी हुने आन्तरिक शक्ति हुन्छ । परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो ताकि हामी उहाँसँगको सहकर्मी हुने आन्तरिक शक्ति हुन्छ । परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो ताकि हामी उहाँसँगको सहभागितामा रमाउन सकौं जसले हाम्रो जीवनलाई मूल्य र अर्थ दिन्छ । एउटा उद्देश्य जुन हामी सबैले खोज्दछौं ।

परमेश्वरले तिनीहरुलाई नर र नारी गरी बनाउनुभएकोले यो निष्कर्ष निकाल्न यथोचित छ कि परमेश्वरले नै मानव विवाह स्थापना गर्नुभयो । परमेश्वर नै सम्बन्का कर्ता हुनुहुन्छ । उहाँको बुद्धिमा परमेश्वरले भन्नुभयो कि मानिस एक्लो रहन असल छैन, त्यसैले उहाँले उसको निम्ति एउटा सहयोगी बनाउनुभयो । हिब्रू शब्द 'एजेर' को अर्थ 'सहयोगी' 'संगी' र 'सान्त्वना दिने' हुन्छ । कुनै-कुनै ठाउँमा यसलाई "उसको छेउको थाम्ने व्यक्ति" भनेर अनुवाद गरिएको छ । यो महत्वको कुरा छ कि उहाँले उसलाई पहिले आफैसँग सङ्गति गर्नको लागि सृष्टि गर्नुभयो । अनि परमेश्वरले स्त्रीलाई मानिससँग सङ्गति गर्न तथा उसलाई थाम्नको सृष्टि गर्नुभयो । मर्कूस १०:६-९ मा येशूले भन्नुभए झैं विवाह केवल व्यवहारिक आवश्यकता पूर्ति गर्न मात्र सृजिएको थिएन परमेश्वरको

उद्देश्य विवाह आत्मिक साथसाथै शारीरिक बन्धन हुनुपर्छ भन्ने थियो । अनि यो बन्धन चाहिं परमेश्वरसँगको हाम्रो सङ्गतिको सांकेतिक प्रतिनिधित्व हो । दुवै जना उहाँकै स्वरुपमा सृष्टि गरिएका थिए, साँझे हकदार र परमेश्वरका प्रतिज्ञा र अनुग्रहका भागिदार । गलाती ३:२७-२९ मा भनिए झैँ "किनकि तिमीहरु जतिको खीष्टमा बप्तिस्मा भयौ, तिमीहरु सबैले खीष्टलाई धारण गरेका छौ । अब नता यहुदी छ, नग्रीक, न कमारा न फुक्का, नता पुरुष न स्त्री छ किनभने खीष्ट येशूमा तिमीहरु सबै एउटै छौ । यदि तिमीहरु खीष्टका हौ भनेता तिमीहरु अब्राहामका सन्तान हौ र प्रतिज्ञावमोजिम उत्तराधिकारी हौं ।"

३ अध्याय चाहि अध्ययनका सबभन्दा महत्वपूर्ण अध्यायमध्ये एक हो । यसले मानिसको पापपूर्णताको मृत्यु र पृथ्वीका सारा कष्टको शुरुवातलाई समेट्दछ । यसले मुक्तिदाताको पहिलो प्रतिज्ञालाई समावेश गर्दछ । (उत्पति ३:१५) । यो अध्याय एउटा धूर्त सर्पको परिचयबाट शुरु हुन्छ । अरु धेरै जानकारी दिइएको छैन तर हामी चाँडै नै थाहा पाउँछौं कि ऊ परमेश्वरको विरोधी र धोकेवाज हो भन्ने कुरा पत्ता लगाउँछौं । ऊ हव्वाको नजिक गएर परमेश्वरले बगैंचाका सबै रुखका फल खान मनाही गर्नुभएका छन् कि भनेर उहाँको चरित्र र वचनप्रति प्रश्न गऱ्यो । हव्वाले रक्षात्मक उत्तर दिइन् र तिनीहरुलाई फललाई नछोओ नत्र त्यसले मृत्यु ल्याउनेछ भनिएको थियो भन्दै परमेश्वरको वचनमा थपिन् । शैतानले त्यस परमेश्वरको वचनमा विरोध जनाउँदै आदम र हव्वालाई वञ्चित पारेको भन्दै परमेश्वरलाई आरोप लगायो । शैतान र हव्वा दुवै परमेश्वरको वचनलाई हेरफेर गरेकोमा दोषी छन् जुन व्यवस्था ४:२ मा कडासँग चेतावनी दिइएको छ । नजिकै उभिरहेको आफ्ना लोग्नेसँगै हव्वाले धोका र परीक्षाको वशमा परेर मनाही गरिएको फल खान्छिन् । तिनले आदमलाई पनि दिन्छिन् र उनले पनि खान्छन् । पाप मानिसको हृदयमा प्रवेश गऱ्यो र तुरुन्तै तिनीहरुलाई लाज लाग्यो ।

परमेश्वरप्रतिको तिनीहरुको विद्रोहको लागि परमेश्वरले सर्पदेखि शुरु गरेर यी तीनै प्राणीलाई श्रापको घोषणा गर्नुभयो । शैतान परमेश्वरबाट नीच र श्रापित तथा जानव जातिबाट घुणित ठहाइयो । स्त्रीको सन्तान र सर्पको सन्तानवीच युद्ध घोषणा गरियो । यो शत्रुता अनुग्रह र भ्रष्टाचार तथा संसारमा दुष्टता र ईश्वरीयताबीचको युद्धमा प्रमाणित देखिन्छ । तर यो न्यायको बीचमा उत्पति ३:१५ मा सन्तान खीष्ट पतित मानवका उद्धारकको भविश्यवाणी गरियो । यो नै खीष्टको प्रतिज्ञा हो -यशैया ७:१४, लुका १:३४, र गलाति ४:४ पनि देखिन्छ । परीक्षा गर्ने एकजना जसले खतरनाक तर कुर्कुच्चामा अस्थायी प्रहार गर्दछ, तर उद्धारकले अन्तमा शैतानको शिरलाई

चक्नाचूर पारी उसलाई हराउनेछ (उत्पति ३:१५) । यो खीष्टको दुखको अगमवाणीयुक्त भविश्यवाणी थियो जब उहाँ हाम्रा अधर्मका निम्ति परमेश्वरद्वारा हिर्काइनु भयो (यशैया ५३:४-५) ।

अर्को, परमेश्वर हव्वातिर फर्केर कष्टको जीवनको अपेक्षा गर्ने चेतावनी दिनुभयो, विशेष गरी सुत्केरी व्यथाको । बचनमा भनिएको "तिम्रो इच्छा तिम्रा पतितर्फ हुनेछ" भन्ने कुराको पनि दुख भोग्ने थिइन् (उत्पति ३:१६) । यो ४:७ पनि प्रयोग गरिन्छ । तिनी र तिनीपछिका सबै स्त्रीहरुले आफ्ना लोग्नेलाई अधीन गर्ने इच्छा गर्नेछन् तर उनले तिनीमाथि आफ्ना इच्छा पूरा गर्नेछन् । यो लडाइँ आज धेरै प्रकारले देखिन्छ तर यो एफिसी ५:२२-२३ मा पति र पत्नीलाई दिइएको निर्देशन विपरीत छ ।

परमेश्वरले आदमलाई दिनुभएको श्रापमा मानिस मात्र नभई भूमि पनि समावेश गरियो । जसरी सर्पको न्याय अनुसार युद्ध वास्तविक भयो, हव्वाको न्याय अनुसार सम्बन्धमा अमेल वास्तविक भयो र आदममाथिको न्याय अनुसार बाँच्ने सङ्घर्ष वास्तविक भयो । काँडा, सिउँडी र पसिना मानव अनुभवको भाग बने । रोमी ८:२० ले भन्दछ, "सृष्टि व्यर्थताको वशमा परियो, त्यसको आफ्नै इच्छाले होइन तर उहाँको इच्छाले जसले त्यसलाई वशमा पार्नुभयो ।" पृथ्वी श्रापित छ । परमेश्वरले चेतावनी दिनुभए झैँ मृत्यु र विनाश अनुभव गरियो ।

श्रापको बाबजुद, पद २०-२१ मा जब परमेश्वरले तिनीहरुका लागि जनावरका छालाबाट कपडा बनाइदिनुभयो हामी आदम र हव्वाको लागि परमेश्वरको सुरक्षा र प्रवन्धलाई देख्दछौं । यो एउटा शिक्षणको क्षण थियो किनकि त्यसै बेला देखि पापको प्रायश्चितको लागि रगत बहाइको माग गरियो । रक्त बलिको सिद्धान्त सम्पूर्ण बाइबलभरि निरन्तर रह्यो र क्रूसमा खीष्टको रक्त प्रायश्चितमा पुगेर पूरा भयो ।

परमेश्वर, शैतान र मानिसको आधारभूत चरित्र बनुभ्kेसम्म उत्पतिको आधारभूत सत्यतालाई बुझ्न सकिदैन । पतनदेखि नै परमेश्वरको भलाइ र शक्तिको बारेमा भएको शङ्काले हामीलाई स्वहा पारेको छ । हाम्री विश्वास गर्छौं कि परमेश्वर हाम्रो सर्बोत्तम चाहनुहुन्न, उहाँ हाम्रो लागि लड्नुहुन्न, उहाँ टाढा हुनुहुन्छ अथवा उग्र वा वेवास्ता गर्ने हुनुहुन्छ । शत्रुको यही झुटले हव्वालाई परमेश्वरमाथि नभई आफैमाथि भरोसा विश्वस्त पार्‍यो । दुर्भाग्यवश हामी पनि तयसै गर्छौं । हामीले यो झुटलाई हाम्रो शत्रुको हतियारको रुपमा पहिचान गर्नुपर्दछ जसले परमेश्वरको महिमालाई चोर्ने र हामीलाई पितासँगको घनिष्ट सम्बन्धबाट अलग राख्न चाहन्छ जुन हामीलाई

अति अपरिहार्य छ । हामीले यसलाई हाम्रा आत्माको शत्रुबाट आएको जस्तै देख्नुपर्छ र हव्वा जस्तै हामी उसका झुटमा फँसेको बेलाको पश्चाताप गरेर त्यसको विरोध गर्नुपर्छ ।

परमेश्वरको चरित्रको बारेमा धोका खानुको अलावा हाम्रो शत्रुको भूमिका तथा मानिसको जिम्मेवारीलाई बर्खास्त गर्नु वा अन्योलमा पार्नु हाम्रो लागि सामान्य छ । हामी आन्तरिक लडाइँको समय जिइरहेका छौं भन्ने कुरा बुझ्दैनौं भने हामीले धेरै सत्यतालाई गलत ढङ्गले बुझ्नेछौं । हामीले यो सत्यलाई बुझ्नै पर्दछ कि हाम्रो एउटा दुष्ट शत्रु र जो हामीलाई धोका दिन र परीक्षामा फसाउन सक्षम छ । त्यसले हामीलाई नाश गर्न र पितासँगको सम्बन्ध अलग राख्न खोज्छ । तर त्यो क्रूसमा हराइएको छ । त्यसले हामीलाई पिताको हातबाट लैजान सक्दैन, हामीलाई दोष लगाउने अधिकार त्योसँग छैन र हामीलाई पश्चातापबाट अलग गर्न सक्दैन । हामीले पवित्र आत्माको कार्यलाई इन्कार गर्नुहुँदैन, आफ्नो समस्याको लागि अरुलाई दोष्याउने गर्नुहुँदैन । अनुग्रह त आफूलाई परमेश्वरमा समर्पण गरेर शरीरलाई क्रुसमा टाँगेर र शत्रुको विरोध गरेर पाइन्छ ।

हामीलाई पिताबाट अलग गर्ने जुनसुकै पापलाई देख्न येशूको रगतको शुद्धिकरण र स्वीकारतर्फ फर्काउन हाम्रो आँखा खुला रहून् ।

## उत्पतिः शुरुवातको अध्ययन

### पाठ तीन

विषय वाक्यः डाह र विश्वासको अभावले कयिनले आफ्नो भाइ हाबिलको हत्या गऱ्यो ।

दिन १

पढ्नुहोस्, उत्पति ४:१-५, हिब्रू ११:४, ६ र हिब्रू १२:१४-१५

१. पृथ्वीमा सबभन्दा पहिले जन्मेका बालकहरु को-को थिए र तिनीहरु के काम गर्दथे ?

२. तपाईले पढ्नुभएको आधारमा तपाईको विचारमा परमेश्वरले हाबिलको भेटी किन ग्रहण गर्नुभयो तर कयिनको भेटी किन ग्रहण गर्नुभएन ?

३. उत्पति ४:१-५ बाट कयिनले हाबिललाई मार्न अघि परमप्रभु, हाविल र जीवन प्रति कयिनको प्रवृति कस्तो थियो ?

४. कयिन बेखुशी हुनु अथवा रिसाउनुको मुख्य कारण के थियो जस्तो लाग्छ तपाईलाई ?

५. हिब्रु १३:१५-१६ अनुसार परमेश्वरलाई खुशी तुल्याउने दुईवटा बलिदान के-के हुन् ?

दिन २

पढ्नुहोस् उत्पति ४:६-८

१. उत्पति ४:६-८ लाई १ कोरिन्थी १०:१३ सँग तुलना गर्नुहोस् । उत्पति ४:६-८ मा कुन वाक्यांशले परमेश्वरले कयिनको लागि परीक्षाबाट उम्कने बाटो तयार गर्नुभएको कुराको सुझाव दिन्छ ?

२. उत्पति ४:६-७ ले कयिनको वेखुशीप्रति परमेश्वरको कोमल बुझाइलाई कसरी देखाउँछ ?

३. तपाईको विचारामा कुन चाहिँ पाप कयिनको हृदयमा ढुकिबसेको थियो ?

४. १ यूहन्ना ३:१०-१६ अनुसार, एउटा विश्वासीले के गर्छ ?

५. १ यूहन्ना ३:१२ अनुसार, कयिनले आफ्नो भाइ हाबिलको हत्या किन गऱ्यो ?

दिन ३

पढ्नुहोस् उत्पति ४:९-१६

१. कयिन आफ्नो भाइ मारेकोमा पछुताएको हुनसक्ने तर साँचो पश्चातापी थिएन भन्ने कुरा कुन पदले भन्दछ ?

२. २ शमुएल १२:१३ र भजन संग्रह ५१ पढ्नोस र दाऊदको शब्द र प्रवृतिलाई दण्ड पाएपछिको कयिनका शब्द तथा प्रवृतिसँग तुलना गर्नुहोस् ।

३. १ यूहन्ना १:५-१०, भजन सङ्ग्रह ३४ र ६६:१८ ले हाम्रो पाप र परमेश्वरले हामीलाई गर्नुहुने स्वीकार बारे के भन्दछ ?

दिन ४

पढ्नुहोस् उत्पति ४:१६-२६

१. यो खण्डले निम्न कुराहरुलाई कसरी प्रकट गर्दछ

क) कयिनका सन्तानले परमेश्वरको वेवास्ता गरे र उहाँको आज्ञा उलङ्घन गरे ।

ख) कयिनका सन्तानले बहुविवाह र हत्यामा घमण्ड गरे ।

२. हाबिलको मृत्युपछि हव्वाले कसरी सान्त्वनाको अनुभव गरिन् ? कठिन समयमा परमेश्वरले तपाईलाई कसरी सान्त्वना दिनुभएको छ ? (२ कोरिन्थी १:४)

३. यहुदा १४-१५ र हिब्रू ११:५- बाट तपाई हनोकको बारेमा के सिक्नुहुन्छ ?

४. हनोकले गरेझैं अरुहरुलाई प्रभाव पार्न हाम्रो व्यक्ति जीवनमा परिवार र समाजमा के कस्ता बानीहरुको विकास गर्न सक्छौ ? (हेर्नुहोस् मीका ६:८, हिब्रू १२:१-३ र १ यूहन्ना १:७-९)

दिन ५

पढ्नुहोस् उत्पति ५

१. पापको परिणामलाई देखाउन “अनि तिनी मरे” भन्ने कुरा कति पटक देख्नुहुन्छ ?

२. पापको सन्दर्भमा रोमी ५:१२ र ६:२३ मा पावल के भन्दछन् ?

३. सबभन्दा बढी बाँच्ने मानिस को थिए र उनी कति वर्ष बाँचे ?

दिन ६

**पाठ ३ "मेरो बाटो कि परमेश्वरको बाटो"**

मूल पाठ: अध्याय ४-५
मूख्य पढ: अध्याय ४:७ "यदि तैले जे ठीक छ त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र ? तर तैंले ठीक काम गरिनस् भनेता पाप तेरो ढोकैमा ढुकिबस्छ । त्यसको इच्छा तँप्रति हुन्छ, तर तैंले त्यसलाई अधीन गर्नैपर्छ ।"
विषय वाक्य: डाह र विश्वासको अभावले कयिनले आफ्नो भाइ हाबिललाई मार्‍यो ।
जीवन-सिद्धान्त: विना विश्वास परमेश्वरलाई खुशी तुल्याउन असम्भव छ ।

सारांश: हव्वाको पहिलो वालक कयिन थियो । कस्तो आनन्द । सायद तिनले कयिन ३:१५ मा प्रतिज्ञा गरिएको सन्तान होला भनी ठानेकी थिइन् होला तर केही वर्षपछि यसले कस्तो दु:ख ल्यायो ।

हव्वाले अर्को वालक जन्माइन् र तिनको नाउँ हाबिल राखिन् । दुवै केटाहरुले परमप्रभुकहाँ भेटी ल्याउने जिम्मेवारी थाहा पाएको जस्तो देखिन्छ, तर हबिलको भेटी खुशी तुल्याउने खालको पाइयो । अध्याय ४:४ ले भन्दछ" तर हविलले आफ्ना भेडाको बगालबाट पहिले जन्मेका पाठहरुका बसे भाग ल्याए । परमप्रभुले हाबिल र तिनको भेटी ग्रहण गर्नुभयो ।" परमप्रभुले कयिनको भेटी ग्रहण नगरी हाबिलको भेटीमा किन खुशी भयो यो पाठले हामीलाई भन्दैन । हुन सक्छ, कयिनले रगत नभएको बली चढायो जबकि आदम र हव्वालाई ढाक्नलाई जनावरको बलिदानमा ग्रहणयोग्य भेटीको उदाहरण स्थापित गर्नुभएको थियो । यो संसारका पापको निम्ति येशू ख्रीष्टको रगत बहाइको पूर्व छाया थियो (१ कोरिन्थी ५:२१) । तर दुवै जनाले प्रायश्चितको बलिदानको साटो परमेश्वरलाई दान चढाएका भए, कयिनको हृदयको मुद्दा अझै रहन्छ । हिब्रू ११:४ ले भन्दछ कि हाबिलले आफ्नो भेटी विश्वासमा अर्पण गरे । कयिनले त्यसो गरेन, जुन उसको प्रवृति र कार्यमा देखिन्छ ।

कयिनको भेटी नै सङ्कटका (केन्द्रि) बिन्दु बन्यो जुन परमेश्वरप्रतिको उसको साँचो प्रवृतिमा देखिन्छ र त्यसले दुष्टताको फल पैदा गर्‍यो । कयिनले आफूलाई अन्यायपूर्वक व्यवहार गरिएको ठान्यो र आफ्नो वेखुशीको दोष भाइलाई लगायो । ऊ याकूब ४:१-२ ले भनेका कुराको उदाहरण हो "तिमीहरका बीचमा लडाइँ र झगडाहरु कुन कुराले ल्याउछ ? के यी सब तिम्रो शरीरका अङ्गहरुमा सङ्घर्ष गर्ने अभिलाषाहरुबाट आएका होइनन् र ? तिमीहरु इच्छा र गर्दछौ तर

पाउँदैनौ । तिमीहरु हत्या गर्दछौ र लोभ गर्दछौ, तर पाउन सक्दैनौ ।” कयिनले आफ्नै तरिकाले जिउने, आफ्नै तरिकाले परमेश्वरको आराधना गर्ने, र प्रमाणस्वरुप आफ्नै महिमाको लागि जिउने इच्छा गरे । एउटा महान कृपाको कार्यमा परमेश्वरले उसका कार्यहरु र प्रवृतिहरु चाहि दोष लगाउने थियो भन्ने तथ्यका साथ कयिनको सामना गर्नुभयो । उहाँले कयिनलाई उसको घमण्ड र स्वार्थी आकांक्षाबाट पश्चाताप गर्न र उसलाई अधीन गर्ने पापको विरोध गर्ने चेतावनी दिनुभयो । दुर्भाग्यवस कयिनले परमेश्वरको सल्लाहलाई इन्कार गर्‍यो र जानी-जानी आफ्नो भाइको हत्या गर्‍यो । जब परमेश्वरले उसको सामना गर्नुभयो र उसको पापका परिणाम दिइए, फेरि कयिनले “मैले सहनै नसक्ने कडा ढण्ड मलाई भयो” परमेश्वर बिरुद्धको रीसको गुनासो गर्ने तितो आत्मा प्रकट गर्‍यो (४:१३) । कयिनको घाटा अनन्तको थियो । के हाम्रो हृदयभित्र दुष्ट कार्यहरु उत्पन्न गर्ने प्रवृति छ ? हामी परमेश्वरको सिहाँसन नजिक जाऔं र पश्चातापमा उहाँको अघि आफैलाई विनम्र तुल्याऔं । कयिन परमेश्वरको उपस्थितिबाट निस्केर गई एउटा परिवार शुरु गर्‍यो । उसका सन्तानहरु ४:१६-२४ मा सूचित गरिएका छन् । दुख लाग्दो प्रकारले, केवल कयिनको जेठो छोराले मात्रै परमेश्वरलाई पछ्याएको देखिन्छ । हनोकले पहिले परमेश्वरलाई नपछ्याए भए तापनि उसको छोराको जन्मपछि उसको हृदय परिवर्तन भयो । उसका बाँकी वर्षहरु परमेश्वरसँगै हिड्यो । यसको नाउँको अर्थ “अर्पण गरिएको” हुन्छ, जसरी उसले आफ्नो जीवन वितायो । बिग्रँदो युगमा, ३०० वर्षसम्म उसले आत्मिकी सुन्दरता र शक्तिको जीवन व्यतित गर्‍यो । त्यो त लामो समयको विश्वासयोग्यता हो । हिब्रू ११:५ ले भन्दछ कि हनोकले परमेश्वरलाई खुशी दियो । वास्तवमा ऊ जिउँदै स्वर्गमा लगियो र मृत्युको बाटोबाट गएन । परमेश्वरले आदम र हव्वालाई हाबिलको ठाउँमा अर्को छोरा दिनुभई आशीष दिनुभयो र शेत नाउँ दिए । अध्याय ४ को अन्तिम भागले शेतको वंशको वृतान्त बताउँछ । शेत र उनका सन्तानहरुले “परमप्रभुका नाउँ पुकारे” (४:२६) भनेर वर्णन गरिएको छ । शेतका सन्तानहरु कयिनका सन्तानहरु सँग-सँगै जिउँदै थिए, तापनि तिनीहरुले आफ्नै लागि भन्दा परमेश्वरमा विश्वासयोग्य भएर जिउन रोजे । अध्याय ५ ले नूहका ईश्वरीय पुर्खाहरुलाई सूचित गर्दछ जो दुष्ट युगमा परमेश्वरको लागि जिए । यी वंशावलीहरुमा परमेश्वरका लागि मानिसहरु व्यक्ति-व्यक्ति गरी महत्वपूर्ण छन् भन्ने कुरा हामी देख्छौं । त्यसकारण परमेश्व्र मानिसहरुका नाम, आयु र तिनीहरुका सन्तानहरु उल्लेख गर्नुहुन्छ । शेतकै वंशबाट येशू ख्रीष्टको जन्म भयो । अझ महत्वपूण रुपमा हामी देख्छौं कि हरेक पुस्ताका स्त्री र पुरुषले विश्वास र परमेश्वरको आज्ञाकारितामा प्रतिक्रिया जनाउने कि आफ्नै बाटोमा लाग्ने रोज्नैपर्छ । यो हृदयको कुरा हो । तपाई उहाँको बाटो रोज्नुहुन्छ कि आफ्नै बाटो ? विना विश्वास परमेश्वरलाई खुशी तुल्याउन असम्भव छ ।

# उत्पतिः शुरुवातको अध्ययन

## पाठ चार

विषय वाक्य: परमेश्वरले दुष्टको न्याय गर्नुहुन्छ र धर्मीलाई बचाउनुहुन्छ ।

दिन १

पढ्नोस उत्पति ६:१-१२, २ पत्रुस २:४-९, ३:१-१०, यहुदा ५-७

१. संसारमा भएका दुष्टताको वर्णन गर्नुहोस् ।

२. संसारको अवस्थाबारे परमेश्वरको भावनालाई वर्णन गर्नुहोस् ।

३. यस खण्डबाट परमेश्वरको बारेमा हामी के सिक्न सक्छौं ?

४. जल प्रलयको कारण के थियो भन्नुहुन्छ ? किन उहाँले यति लामो समय पर्खनुभयो ? ( उत्पति १५:१६, २ पत्रुस ३:९)

५. "१२० वर्ष" हुनेछ भनेर परमेश्वरले के भन्न खोज्नुभएको हो ? (उत्पति ६:३,१ पत्रुस ३:२०)

दिन २

पढ्नोस् उत्पति ६:८-२२

१. जहाजभित्र जानुपर्छ भनी नूहले कसरी थाहा पाए ?

२.	उनले जहाजभित्र आफूसँग क-कसलाई लिएर गए ?

३.	ढोका कसले बन्द गरिदियो ?

४.	पृथ्वीमा पानी कति लामो समयसम्म पर्‍यो ?

५.	पद १७-२१ अनुसार पानी कति अग्लोसम्म उठ्यो र परिणाम के भयो ?

दिन ३

पढ्नुहोस् उत्पति ६:९-८:१९ र हिब्रु ११:६

१.	नूहले परमेश्वरलाई कसरी खुशी तुल्याए ?

२.	जलप्रलयभन्दा पहिले पानी परेको थियो ? पद उल्लेख गर्नुहोस् ।

३.	जलप्रलयको कुन चाहिं वाक्यांशले यो पृथ्वीको भयङ्कर उथलपुथलसँग जोडिएको हुनुपर्छ भन्ने देखाउँछ ?

४.	परमेश्वरले नूहलाई कसरी सहयता तथा वास्ता गर्नुभयो ?

५. कुन-कुन तरिकाले परमेश्वरले तपाईलाई वास्ता देखाउनुभएको छ र रक्षा गर्नुभएको छ ?

दिन ४

पढ्नुहोस् उत्पति ७:११-२४स; मती २४:२६-४२ र लुका १७:२६-२७

१. मती र लुकामा भएका मानिसहरु कसरी नूहका दिनका मानिसहरु जस्ता थिए ?

२. परमेश्वरले हामीले गरेका चाहनुहुने कुन चाहिं कुरा तिनीहरुले गर्न बिर्सिरहेका थिए ?

३. आजका लागि यसको बारेमा खष्टले हामीलाई के चेतावनी दिइरहनुभएको छ ?

४. २पत्रुस ३:३-६ लाई आज हामी कसरी लागू गर्न सक्छौं ?

दिन ५

पढ्नुहोस् उत्पति ६:१-२४

१. परमेश्वरको गुण/चरित्र बारे तपाई के सिक्नुहुन्छ ?

२. कसैलाई आशीष दिन तपाई के गर्न सक्नुहुन्छ ?

दिन ६

## पाठ ४: दुष्टहरु होसियार रहून्

<table><tr><td>
मूल पाठ: अध्याय ६-७<br>
मुख्य पद: जीवनका सास हुने आकाशमुनिका सबै प्राणीलाई नाश पार्नलाई पृथ्वीमा जलप्रलय ल्याउनेछु र पृथ्वीमा भएको हरेक प्राणी मर्नेछ । तर तँसँग म आफ्नो करार स्थापित गर्नेछु । तँ तेरा छोराहरु, तेरी स्वास्नी र तेरा बुहारीहरु समेत जहाजमा आउनेछस् ।"<br>
विषय वाक्य: परमेरुश्वरले दुष्टको न्याय गर्नुहुन्छ, तर धर्मीलाई रक्षा गर्नुहुन्छ ।<br>
जीवन-सिद्धान्त: नूहका आज्ञाकारिताले आफै, परिवार र भावी पुस्ताका धेरै आशीष ल्यायो ।
</td></tr></table>

सारांश: उत्पति ६:१-४ को व्याख्या विभिन्न प्रकारले गरिएको छ । एउटा अनुवाद (व्याख्या) ले "परमेश्वरका छोराहरु" भनेका सेतका सन्तान हुन् भनेर पहिचान गराउँछ । यी मानिसहरु उनीहरुका भक्ति र व्यक्तिगत आत्मिकताका कारण परमेश्वरका छोराहरु भनिएका हुन् । यसको विपरीत मानिसका छोरीहरु भनेका कयिनका अईश्वरीय वंशबाट आएका स्त्रीहरु हुन् । यी भिश्रित विवाह तथा मानिसको पतित परिणामले दुखित भएर परमेश्वरले मानिसको आयु घटाइदिनुहुन्छ र अन्तमा जलप्रलयको इन्साफ ल्याउनुहुन्छ । दोश्रो व्याख्या यो हो कि परमेश्वरका छोराहरु भनेका पतित स्वर्गदूतहरु हुन् जो पृथ्वीमा वस्नलाई स्वर्ग छोडेर आए र मानव पत्नीहरुसँग विवाह गर्छन् । "परमेश्वरका छोराहरु" भन्ने वाक्यांश अथ्यूब १:६, २:१ र ३८:७ मा देखिन्छ जहाँ यसलाई "स्वगृदूतहरु" भनेर अनुवाद गरिएको छ । नयाँ करारका दुईवटा खण्डहरु २ पत्रुस २:४-५ र यहुदा ६-७ ले यसलाई समर्थन गर्दछन् ।

स्पष्ट के छ भने उत्पति ६:१-४ ले मानव जातिको पतनलाई समर्थन गर्दछ । यो पतनले जलप्रलय, परमेश्वरको विध्वंशकारी न्यायलाई आतुऱ्याउँछ । सबै मानिस नाश गरिनु थियो । पानी पर्वतहरुभन्दा माथिसम्म उठ्यो (७:१९-२०) र जलप्रलयको पानी एक वर्ष भन्दा बढी रहिरहयो (७:६ र ८:१३) र समस्त पृथ्वीलाई ढाक्यो (२ पत्रुस ३:३-७) । हामीले के कुरा वेवास्ता गर्नुहुन्न भने परमेश्वरको हृदय बदला लिन चाहने त थएन तर मानिसको पापप्रति अति दुखित थियो । जलप्रलय दुष्ट र धर्मी दुवैका लागि कृपाकार्य थियो । मानव जाति यस्तो विनाशकारी बाटोमा अघि बढ्न दिन सक्नुभएन । परमेश्वरले आफ्नो योजना नूहलाई प्रकट गर्नुभयो र नूहले परमेश्वरमाथि विश्वास गरे । परमेश्वरले भन्नुभए अनुसार गरेर नूहले आफ्नो विश्वासलाई प्रमाणित गरे र त्यो उनको निम्ति धार्मिकता गनियो (हिब्रू ११:७) । के तपाई पहिले कहिल्यै पानी नपरेको मरुभूमिको बीचमा

परमेश्वरले तपाईलाई जहाज बनाऊ भन्नुभएको कुरा परमेश्वरबाट सुन्नुभएको कुरा आफ्ना छोराहरुलाई मात्र नभई तिनका श्रमितीहरुलाई समेत विश्वास दिलाउने कुराको बारेमा कल्पना गर्न सक्नुहुन्छ ? नूह विश्वासको मानिस थिए । उनले मूढाहरु तयार गरे, प्रचार गरे र १२० वर्षसम्मको गिल्ला सहे, त्यही समयमा विज्ञानको काल्पनिक कुरा जस्तो लाग्ने आउनेवाला न्यायको बारेमा व्याख्या गर्ने कोशीष कोशिष गरे । यो काम नूह र उनको परिवारको लागि सानो थिएन । दुर्भाग्यपूर्ण रुपले दोहोऱ्याई दोहोऱ्याइकन दिइएको चेतावनी र निरन्तरको प्रचारप्रति कुनै एकजना व्यक्तिले पनि प्रतिक्रिया नजनाउँदा तिनीहरु निराश भएका हुनुपर्छ । तैपनि धेरै वर्षको उनको मेहिनत र फलहीन सेवाकाइपछि, नूह र उनका परिवारले परमेश्वरको विश्वासयोग्यता देखे ।

यो ध्यान दिन चाखलाग्दो छ कि नूहको अर्थ “विश्राम” हो । यस्तो दुष्ट पुस्ताको बीचमा जिउँदा उनका बुबाआमालाई भविश्यको परिवर्तनको लागि आशाको सान्त्वना आवश्यक थियो । पाप विरुद्धको उनीहरुको प्रयास (सङ्घर्ष) मा उनीहरुलाई विश्रामको खाँचो थियो । नूहको जहाजले त्यो विश्राम र आशा प्रदान गऱ्यो । यो खीष्टको पूरानो करारको तस्वीर हो जो आशा र विश्राम स्थान हुनुहुन्छ, जसले हामीलाई हाम्रा पापबाट बचाउनुहुन्छ र परमेश्वरको क्रोधबाट बाँच्न छत्रछाया दिनुहुन्छ ।

नूहको आज्ञाकारिता, उनी आफै, उनका परिवार र भावी पुस्ताका लागि आशीषमा परिणत भयो ।

## उत्पतिः शुरुवारतको अध्ययन

### पाठ पाँच

विषय वाक्यः परमेश्वरले नूह र सारा मानवजातिसँग एउटा निशर्त करारको लागि अग्रसरता लिनुभयो ।

<u>दिन १</u>

पढ्नुहोस् उत्पति ८:१-१९

१. अध्याय ८ को १ पदमा नूह र उनका परिवारका लागि परमेश्वरको वास्तालाई हामी कुरी देख्न सक्छौं ?

२. जहाज कहाँ अडियो ?

३. नूहले झ्याल खोल्नअघि कति दिन वितेका थिए ?

४. नूहले कुन-कुन दुईवटा चराहरु बाहिर पठाए र के भयो ?

५. जहाजबाट बाहिर निस्कने बेला भयो र सुरक्षित हुन्छ भन्ने कुरा नूहले कसरी थाहा पाए ?

<u>दिन २</u>

पढ्नुहोस् उत्पति ८:२०-२२

१. नूहले जहाज छोडेपछि सबभन्दा पहिले के गरे ?

२. यो कार्यले नूहको बारेमा हामीलाई के बताउँछ ?

३. उत्पति ८:२१ ले मानवताको बारेमा हामीलाई भन्छ ?

दिन ३

पढ्नुहोस् १ यूहन्ना २:२, भजन सङ्ग्रह ५१:१७, रोमी १२:१ र हिब्रू १३:१५-१७

१. अहिले हामी परमेश्वरलाई पशुबलि किन चढाउदैनौं ?

२. आज परमेश्वरलाई मनपर्ने कुन चाहिं बलिदान चढाउन सक्नुहुन्छ ? (रोमी १२:१)

दिन ४

पढ्नुहोस् उत्पति ९:१-७

१. यहाँ परमेश्वरले नूहलाई के अनन्त प्रतिज्ञा दिनुहुन्छ ?

२. परमेश्वरले नूहलाई के गर र के नगर भन्नुभयो ?

३. अर्को व्यक्तिको प्राण लिन गलत हुनुको प्राथमिक कारण के हो ?

४. मानव जीवन परमेश्वरमा अनमोलको छ भन्ने कुरा हामी अरुलाई कसरी देखाउछौं ?

५. जीवन किन यति मूल्यवान छ ?

दिन ५

पढ्नुहोस् उत्पति ९:८-१७

१. पद ९ मा कसको लागि करार दोहोऱ्याएको हो ?

२. हामीलाई परमेश्वरको प्रतिज्ञा सम्झाउने चिन्ह के हो ?

३. के परमेश्वरले आफ्नो करार पूरा गर्नुभएको छ ? तपाईको लागि यो किन अर्थपूर्ण छ ?

दिन ६

**पाठ ५: "नूहको करार"**

| |
|---|
| मूल पाठ: अध्याय ८-९<br>मुख्य पद: अध्याय ९:९ "हेर, अब म तिमी र तिमीपछिका तिम्रा सन्तानसँग आफ्नो करार पक्का गर्दछु ।"<br>विषय वाक्य: परमेश्वरले नूह र समस्त मानव जातिसँग निशर्त करारको अग्रसरता लिनुभयो ।<br>जीवन सिद्धान्त: परमेश्वरप्रतिको आज्ञाकारीताले असम्भवलाई सम्भव बनाउँछ । |

सारांश: जहाजबाट नूहको निर्गमले इतिहासमा एउटा नयाँ सुरुवातको परिचय दियो । नूह र सारा मानव जातिसँग एउटा करार बनाइयो । मानव जीवनका सुव्यवस्थाका लागि यसमा परमेश्वरको प्रवन्ध रहेको छ ।

१. पहिलो, इन्द्रेणकिो प्रतिज्ञाद्वारा विश्वव्यापी महाविपतिबाट प्रकृति निर्भरयोग्य तथा सुरक्षित पारियो ।

२. दोश्रो जनावर तथा बोटबिरुवा मानिसको अहाराका लागि दिइए । जलप्रलयभन्दा पहिले मानिसको भोजन फलफूल तथा तरकारीमा सीमित थियो ।

३. अर्को, जीवन (प्राण) लिने अधिकार परमेश्वरमा मात्र छ । चेतावनी चाहि यो थियो "जसले मानिसको रगत बगाउँछ, मानिसद्वारै उसको पनि रगत बगाइनेछ, किनकि मानिसलाई परमेश्वरले आफ्नै स्वरुपमा बनाउनु भएको हो ।" पछि यो कुरा प्रश्थान २०:१३ मा दोहोर्‍याइएको छ, "तिमीहरुले हत्या नगर" । सृष्टिकर्ताले मानिसलाई उसको आन्तरिक मूल्य दिनुभएको छ, जसले मानिसमा ठूलो मूल्य राख्नुहुन्छ ।

४. फेरि एकचोटि फल्दै-फुल्दै वृद्धि हुने आज्ञा दिइयो ।

यी सबै "मानिसको हृदयका भावनाहरु बालकदेखि नै खराब हुन्छन्" (८:२१) भन्ने कुराको निरन्तर सम्झनामा जिउनको लागि थियो । मानव जीवन उहाँको अनुग्रहले पृथ्वी रहुञ्जेलसम्म रहिरहन्छ (८:२२) । परमेश्वर न्यायी र कृपालु दुवै हुनुहुन्छ । उहाँले आफ्नो कृपा "नूहको करार" मा प्रकट गर्नुभयो (९:८-१७) जहाँ उहाँले जलप्रलयको पानीद्वारा मानव जीवन जन्तुलाई फेरि कहिल्यै नशा नगर्ने प्रतिज्ञा गर्नुभयो । यो विनाशर्तको करार थियो । उहाँको अनुग्रहमा सामान्यतय प्रतिज्ञा गर्नुभयो र चिन्हद्वारा पक्क गर्नुभयो । त्यो छाप इन्द्रेणी थियो ।

नूहका तीनजना छोराहरु शेम, हाम र येपेत (९:१८-१९) बाट सम्पूर्ण रुपमा पृथ्वीको जनसङ्ख्या शुरु भयो । यसले हामीलाई नूहको पियक्कडपन र छोराहरुका काम जस्ता अनौठो तथा महत्वपूर्ण घटनातर्फ डोर्‍याउँछ । हाम श्रापित भयो किनकि उसले आफ्ना बाबुलाई "देख्यो" हेराइको अर्थ आनन्द, सायद अशुद्ध कल्पनाले हेर्नु हुन्छ । यसको साथै हामले आफ्ना दाजुहरुलाई यो घटना दोहोर्‍यायो । शेम र येपेतले आफ्ना बाबुको आदर गरेर उनको नग्नता (लाज) लाई हेर्न इन्कार गरे । तिनीहरुले परमेश्वरको अनुमोदन जिते । हामको पापको बाबजुद उनका सन्तानहरु ध्यान दिन लायक छन् । सदोमीहरु हामका सन्तान थिए र आफैमाथि परमेश्वरको इन्साफ ल्याए तर परमेश्वरले उनीहरुलाई पश्चाताप गर्ने पूरा समय अघि होइन । मिश्रीहरु, बेबीलोनहिरु, मायानहरु अज्टेकहरु सबै हामका सन्तान थिए र तिनीहरु नै मानव जातिका ठूला आविस्कारहरु थिए ।

तपाई नैतिक तथा आत्मिक रुपमा कुन समूहको हुनुहुन्छ ? हामको समूह, जो अरुको पापमा मजा लिन्छ र अरुहरुसँग तिनीहरुको कुरा गर्छ ? येपेथको समूह जसमा सँस्कृति, शक्ति र फैलावट मात्र थियो ? शेमको समूह, जसमा श्रेष्ठ चरित्र थियो कि परमेश्वर उनको हृदय, विचार र काममा बास गर्नुहुन्थ्यो, वचनमा, उनको "पाल" मा- उनी आफैमा र हामी सबैका लागि हरेक दिन हाम्रा भित्री पवृति र बाहिरी बोलीमा निर्माणात्मक वा विनाशात्मक हुने छनौट छ । यदि हामी आफैलाई परमेश्वरमा समर्पण गर्न रोज्छौं भने उहाँले हामीभित्र "शुद्ध हृदय र शुद्ध मन सृष्टि गर्नुहुनेछ ।" ( भजन सं. ५१:१०) ।

# उत्पतिः शुरुवातको अध्ययन

## पाठ ६

विषय वाक्य: परमेश्वरले संसारमाथि दोश्रो न्याय जारी गर्नुभयो ।

दिन १

पढ्नुहोस् उत्पति ९:१८-१९ र हितोपदेश ६:१६-१९

१. जहाजबाट निस्कि आउने नूहका छोराहरु को-को थिए ?

२. नूहले के काम गर्न थाले र उनको अधोगति के भयो ?

३. आफ्ना बाबुको पियक्कडपनप्रति शेम, हाम र येपेतको प्रतिक्रिया कस्तो थियो ?

४. अरुको कम्जोरी र पतनबाट सिक्नुहुँदा तपाई कसरी प्रतिक्रिया जनाउनुहुन्छ ?

५. परमेश्वर तपाईले कसरी प्रतिक्रिया जनाएको चाहनुहुन्थ्यो होला ?

दिन ३

पढ्नुहोस् उत्पति १०:१-५

१. परमेश्वरले किन हामीलाई नूहका सन्तानहरुको सुचि दिनुभएको छ ?

२. के तपाई यस अध्यायमा भएका नामहरुलाई बाइबलका अरु ठाउँहरुमा भएका नामहरुसँग पहिचान गराउन सक्नुहुन्छ ? (उत्पति १८:२० र प्रकाश २०:८)

३. प्ररित १७:२७ अनुसार यी वंशावली साथै इतिहासमा तिनीहरुका ठाउँ र समय दुर्घटनावस भएका होइनन् भन्ने कुरा हामी कसरी थाहा पाउछौं ?

४. राष्ट्रहरु र सीमाहरुको ज्ञानले आज तपाईको समय र ठाउँहरु बताउन कसरी सहयता गर्छ ? (प्रेरित १७:२७)

<u>दिन ४</u>

पढ्नोस उत्पति १०:६-३२

१. उत्पति १०:६-१७ बाट निम्रोदको बारेमा ३ वटा तथ्य निकाल्नुहोस् ।

२. के एउटा शक्तिशाली मानिस पनि असल हुन्छ ?

३. तपाईको विचारमा निम्रोद असल मानिस थियो कि खराब ?

४.	योना १:१-२ बाट निनवे (पद १७) को बारेमा तपाई के वर्णन गर्न सक्नुहुन्छ ?

५.	यसबाट हामी के सिक्न सक्छौं ?

६.	तपाईको विचारमा उत्पति १० लाई बाइबलमा किन समावेश गरियो होला ?

दिन ५

पढ्नुहोस् उत्पति ११:१-९

१.	संसारमा कतिवटा भाषा थियो ?

२.	मानिसहरुले बाबेलको धरहरा बनाउनाका कारणहरु सूचित गर्नुहोस् ।

३.	यी मानिसहरुले उत्पति ९:१,७ मा नूहका छोराहरुलाई दिनुभएको परमेश्वरको आज्ञालाई कसरी उलङ्घन गरे ?

४.	आज हामी अथवा हाम्रो संसार कसरी यी मानिसहरु जस्ता छौं ?

५.	तपाईको अनाज्ञाकारीताले आफू अथवा अरुहरुमा अन्योलता ल्याएको समयको बारेमा बाड्न सक्नुहुन्छ ?

६. मानिसको योजनालाई नाश गर्न परमेश्वरले के गर्नुभयो ?

७. हाम्रो आजको संसारमा परमेश्वर कसरी सङ्लग्न हुनुहुन्छ ?

८. पृथ्वीका सबै जातिहरु र राष्ट्रहरु को-को तीनजना मानिसबाट आएका छन् ?

दिन ६

**पाठः "राष्ट्रहरु" (जातिहरु)**

मूल पाठः अध्याय १०-११:९

मूख्य पदः अध्याय ११:९ "यसकारण त्यसको नाम बाबेल राखियो, किनभने परमप्रभुले त्यहीँ नै संसारभरिको भाषा खलबल पारिदिनुभएको थियो । त्यहीँबाटै परमप्रभुले तिनीहरुलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो ।"

विषय वाक्यः परमेश्वरले संसारमाथि दोस्रो न्यायको घोषणा गर्नुभयो ।

जीवन सिद्धान्तः परमेश्वर सारा मानिस र सारा राष्ट्रमाथि सार्वभौम हुनुहुन्छ र उहाँको इन्साफ असल र ठीक छ ।

सारांशः अध्याय १० मा परमेश्वरले इतिहासको बहावलाई रोमी जातिमा साँघुराउनुहुन्छ। अध्याय ११ मा उहाँले अझै साँघुरो पारी एउटा मानिस अब्राहाममा पुऱ्याउनुहुन्छ । केन्द्रविन्दुको रुपमा अब्राहमबाट परमेश्वरले उनका शारीरिक तथा आत्मिक दुवै सन्तानहरुमा फैलाउनुहुन्छ । यो परिवार, यहुदी जाति पूरानो करार र धेरैजसो नयाँ करारका धर्मशास्त्रका केन्द्रविन्दु हो । नूहका सन्तानहरु भएर तिनीहरुका नाम र भौगोलिक क्षेत्र सूचित गरिएको छ र यो बाइबल र इतिहास बुझ्नलाई महत्वपूर्ण स्रोत हो ।

एघार अध्यायका अघिल्ला नौ पदहरुले मानव जातिका दोस्रो महा इन्साफको अभिलेख गर्दछ । तिनीहरु शिनारको मैदानमा बसोवास गरेका थिए (११:२) यसलाई बेबीलोनियाको मैदान

भनेर पनि चिनिन्छ जुन यूफ्रेटिस र टाइग्रिस नदीहरुको बीचमा पर्दछ । आज यो ठाउँ पर्सियाको खाडी भनेर चिनिन्छ ।

मानिसहरुले आफ्ना पूर्खा नूहका विश्वासलाई त्यागिसकेका थिए । जलप्रलयको चेवावनीलाई आत्मसात गर्नुको साटो मानिसहरु सबैजना परमेश्वर र उहाँका आज्ञा विरुद्ध उठे । पहिलो कुरा हामी आफैलाई व्यवस्थित गर्ने र परमेश्वरको पृथ्वीमा भरिदै जाओ भन्ने आज्ञालाई वेवास्ता गर्ने मानव घमण्डलाई देख्छौं । दोस्रोमा, उनीहरुको आफ्नो नाउँ राख्ने र उनीहरुले भन्ने "स्वर्गसम्म पुग्ने विशाल धरहरा बनाउने कुरामा हामी उनीहरुको घमण्ड र परमेश्वर विरुद्धको विद्रोहलाई देख्छौं । यो त स्व-महिमा हो र यो परमेश्वरको प्रशंसा र महिमाको ठाडो विरोधमा खडा हुन्छ । त्यही घमण्डले शैतानलाई परमेश्वरको विरुद्धमा विद्रोही बनायो, र उही घमण्डले आदम र हव्वालाई फल खाएर "परमेश्वर जस्तै हुने" कुरातर्फ डोऱ्यायो । जसरी परमेश्वरले जलप्रलयले हस्तक्षेप गर्नुभयो त्यसरी नै दुष्टतामा विश्वव्यापी पतनबाट बचाउन बाबेलको धरहरामा पनि हस्तक्षेप गर्नुभयो । तिनीहरुको भाषालाई खलबल पारिदिनुभएर उहाँले तिनीहरुलाई नम्र बनाउनु भयो तिनीहरुका योजनालाई भंग गरिदिनुभयो । तिनीहरुले "आफ्ना नाम प्रसिद्ध पार्न" खोजे र यसरी उहाँले तिनीहरुलाई विभिन्न जाति तथा भाषामा विभाजित गरिदिनुभयो । आज हाम्रा वरिपरि हेर्दा, व्यक्ति तथा राष्ट्र जातिमा हामी उही प्रवृति देख्न सक्छौं । धेरैजना अहङ्कार र घमण्डमा फसेका छन् जसले परमेश्वरको विरोध गर्दछ । हामी देख्छौं राष्ट्रहरु आफ्नो तागत र महिमाको सेखी बघार्छन्, प्रविधि तथा विज्ञानको हासिलतामा घमण्ड गर्छन्, परमेश्वरको विरुद्धमा खडा हुने दिव्यज्ञानको दावी गर्छन् । हाम्रो हृदयमा के छ भन्ने कुरा परमेश्वरलाई मात्र थाहा हुन्छ । हाम्रो धार्मिक प्रणाली जसमा हामी परमेश्वरको निगाह तथा मानिसको तारिफ पाउनलाई असल काम, विधिविधान १ मण्डली सहभागिता जस्ता कुराहरु गर्छौं । तपाईको लागि कसको अनुमोदन बढी महत्वपूर्ण छ, भनिएको कि परमेश्वरको ?

बाबेलको इन्साफ पछि, परमेश्वरले मानव जातिको उद्धारको योजना प्रकट गर्न थाल्नुभयो । उहाँले शेमको वंशबाट एउटा मानिस अब्राहामलाई छान्नुभयो । अब्राहामको परिवार इस्राएली जातिबाट परमेश्वरले आफूनो प्रकाश सबै जातिका लागि आफ्नो सन्देशलाई सुरक्षा तथा प्रचार गर्नुभयो यो हिब्रू धर्मशास्त्रद्वारा आयो, र प्राचीन समयदेखि अब्राहमका परिवार यहुदी जातिद्वारा सुरक्षित पारिएको छ ।

परमेश्वर सबै मानिस तथा राष्ट्रमाथि सार्वभौम हुनुहुन्छ र उहाँको इन्साफ असल र ठीक छ ।

# उत्पतिः शुरुवातको अध्ययन

## पाठ सात

विषय वाक्यः परमेश्वरले अब्राहमलाई बोलावट दिनुहुन्छ

दिन १

पढ्नुहोस् उत्पति ११:२७-३२

१. अब्राहमका पिता को थिए ?

२. अब्राहमका भाइको नाम के थियो ?

३. अब्राहमकी पत्नीको नाम के थियो ? र धर्मशास्त्रको यो खण्डले उनको बारेमा हामीलाई के बताउँछ ?

४. तिनीहरु कहाँ जाँदै थिए र कति टाढा पुगे ?

दिन २

पढ्नुहोस् उत्पति १२:३

१. परमेश्वरको बोलावटको उत्तरमा उनले के के छोडे ?

२. परमेश्वरले अब्राहामलाई दिनुभएको बोलावटमा हामी के कस्ता उत्साहवर्द्धक प्रतिज्ञाहरु देख्छौं (उत्पति १२:२-३)?

३. गलाती ३:८-९ आज हाम्रो जीवनमा कसरी लागू हुन्छ ?

४. तल दिइएका प्रत्येक खण्डलाई हेर्नुहोस् र परमेश्वरमा समर्पण गर्ने प्रत्येकको जीवनमा परमेश्वरको बोलावटले पारेको प्रभाव लेख्नुहोस् :

क) मती ४:१८-२२

ख) मती ८:२२

ग) मर्कूस ८:३४-३६

घ) लुका १४:२६-३३

ङ) १ पत्रुस २:९; १ यूहन्ना २:१५-१७

५. हिब्रु ११:१, ८-१० अनुसार अब्राहामले किन परमेश्वरको आज्ञा पालन गरे ?

क) हालसालै परमेश्वरको आज्ञा पालन गर्दा गर्नुभएको उस्तै खालको अनुभव बाड्न सक्नुहुन्छ ?

ख)    हामीले आज्ञापालन गर्दा के प्रतिज्ञा पाउँछौ ?

दिन ३

पढ्नुहोस् उत्पति १२:४-७

१. हारान छोड्दा अब्राहाम कति वर्षका थिए ? यसलाई उत्पति २५:७-८ मा तपाईले पढ्नुभएको कुरासँग तुलना गर्नुहोस् । उनी जवान, मध्य उमेरका वा बृद्ध थिए ?

२. अब्राहमले आज्ञाकारिताको कदममा उनीसँग भएका सबै थोक राखे भन्ने कुरा वाक्याँश वा पदले देखाउँछ ? (उत्पति १२:१-९ र रोमी १०:११)

३. अब्राहामले आफूसँग कसलाई लिएर गए ?

४. कनानमा पुगेपछि परमेश्वरले अब्राहमलाई के प्रतिज्ञा दिनुभयो ?

दिन ४

पढ्नुहोस् उत्पति १२:८-९

१. नूहले उत्पति ८:२० गरेझैं अब्राहमले कसरी जवाफ दिए ?

२. यदि अब्राहामले झैं तपाईले खीष्टलाई पछ्याउनु भएको छ भने तपाईको एउटा अनुभव लेख्नुहोस् ।

३. उत्पति १२:९ ले भन्दछ कि, अब्राहामले हरेस नखाईकन निरन्तर अघि बढे । तल दिइएका पदहरु अनुसार ईसाईहरु भएर हामी पनि कसरी अगाडि बढ्न सक्छौं ?

क) कलस्सी १:२३

ख) कलस्सी २:६-७

ग) हिब्रू ६:१

घ) हिब्रू १०:३५-३८

ङ) १ पत्रुस २:२

<u>दिन ५</u>

पढ्नुहोस् उत्पति १२:१०-२०

१. जब अनिकाल पऱ्यो तपाईको विचारमा अब्राहमले परमेश्वरको अगुवाइ खोजे कि आफ्नै सामान्य विचार अनुसार काम गरे ?

२. पद ११-३ मा अब्राहामलाई के ले अभिप्रेरित गऱ्यो ?

क)　उनको पाप के थियो ?

ख)　त्यो पापले कसरी अरुहरुलाई नकारात्मक प्रभाव पाऱ्यो ?

ग)　अब्राहमप्रति परमेश्वरको कृपा तपाई कहाँ देख्नुहुन्छ ?

३. उत्पति १३ : १-४ पढ्नुहोस् । हामीले पछ्याउनलाई के तपाई आत्मिक पाठ पाउन सक्नुहुन्छ ?

<u>दिन ६</u>

**पाठ ७: "अब्राहमको करार"**

मूल पाठः अध्याय ११:२७-३२ र १२
मुख्य पदः अध्याय १२:२ "म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु र तँलाई आशीष दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु र तँ आशीषको मूल हुनेछस् ।"
विषय वाक्यः परमेश्वरले अब्राहामसँग एउटा करार बाँध्नुभयो जसमा भूमि, मानिसहरु र सबै जातिका लागि आशीष समावेश गरियो ।
जीवन-सिद्धान्तः जसले उहाँलाई विश्वास गर्छ र आज्ञाकारीतामा हिँड्छ, परमेश्वरले तिनलाई आशीष दिनुहुन्छ ।

सारांशः अब्राहाम विश्वासद्वारा हिड्नलाई परमेश्वरद्वारा चुनिएका व्यक्ति थिए उनलाई आफूसँग भएका सबैथोक छोडेर नौलो ठाउँमा परदेशी झैं भएर बस्न बोलावट भयो । जब अब्राहामले विश्वासमा कदम चाले उनले सिके कि परमेश्वरको वचन सत्य छ, कि उहाँलाई भरोसा गर्न सकिन्छ, र उहाँ आफ्ना प्रतिज्ञा पूरा गर्नमा विश्वासयोग्य हुनुहुन्छ । आब्राहामले आफ्नो यात्रामा सिकेका कयौं पाठहरु आज हाम्रो लागि पनि शिक्षा हुन् । शायद सबभन्दा महत्वपूर्ण पाठ त यो छ कि विश्वास सक्रिय आज्ञाकारिता हुन्छ, नत्र त्यो विश्वास नै होइन ।

हामी यसलाई याकूबको पुस्तकबाट अध्ययन गर्दा पछि हेर्छौं । विश्वासको जीवन भनेको खीष्ट मात्रैको परिपूर्वातामा भर पर्नु हो । उनको मिश्रमा भएको असफलताले अब्राहमले यो सिके कि परमेश्वर सम्पूर्ण मानव आवश्यकतामा पर्याप्त हुनुहुन्छ । अर्को पाठ यो छ कि परमेश्वरसँगको घनिष्ट सम्बन्धले हामीलाई विरोधी संसारमा धैर्य धारण गर्न अथवा सहन सुसज्जित बनाउँछ । अब्राहामको मिश्र जाने निर्णयमा पाल वा वेदीको उल्लेख छैन जुन भूमि शत्रुहरुले अधिकार गरेका थिए । बेदी चाहि परमेश्वरसँगको सङ्गतिको सङ्केत थियो । यो संसारमा टिक्नको लागि हाम्रो बेदी परमेश्वरसँग एकान्त समय हुनुपर्छ । यूहन्ना १६:३३ ले येशू भन्नुहुन्छ, “संसारमा तिमीहरुलाई दुःख हुन्छ, तर ढाडस गर, मैले संसारलाई जिनतेको छु ।” जब हामी हाम्रा स्वर्गीय पितासँग सम्बद्ध हुन्छौं र उहाँलाई डोऱ्याउन दिन्छौं अब्राहमले झैं विश्वासको जीवनमा परमेश्वरको प्रतिज्ञालाई अनुभव गर्न सक्छौं ।

अब्राहाम परमेश्वरका मित्र भए र विश्वासको पिता भनेर चिनिन्छ (लगाती ३)

उनले सिके कि परमेश्वरलाई आफ्नो प्रतिज्ञा पूरा गर्न हाम्रो सहयताको आवश्यकता पर्दैन । यदि हामीलाई डोऱ्याउनुहुने परमेश्वरलाई चिन्छौं भने हामीले हेर्न आवश्यक छैन । यदि हामी आज्ञाकारीताको कदम चाल्छौं र विश्वासमा हिड्छौं भने, अर्को पाइलाका लागि परमेश्वरले हामीलाई अनुग्रह र आशीष दिनुहुन्छ । के हामी अब्राहाम झैं आफ्नो पुस्तामा आफ्नो बोलावटमा विश्वासयोग्य रहनेछौं ?

परमेश्वरको आज्ञाकारतिाले स्वर्गको इनामको लागि ढोका फराकिलो पार्छ ?